वार्षिक प्रगति प्रतिवेदन
२०७६।७७



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं
नेपाल

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरु

उप-महालेखापरीक्षक श्री बाबुराम गौतम

नायब महालेखापरीक्षक श्री महेश्वर काफ्ले

नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली

निर्देशक श्री नेत्रप्रसाद पौडेल

निर्देशक श्री किशोर पाण्डे

लेखापरीक्षण अधिकारी श्री नृपराज जोशी

लेखापरीक्षण अधिकारी श्री दिपकबहादुर सिंह

लेखापरीक्षण अधिकारी श्री विवेक काफ्ले

कम्प्युटर विशेषज्ञ श्री विष्णुगोपाल डंगोल

मन्तव्य

सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष २०७६।७७ मा महालेखापरीक्षकको कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति सार्वजनिक गर्ने अभिप्रायले यो प्रगति प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुने नै छ।

प्रतिवेदन तयारीमा संलग्न र सहयोग पुऱ्याउने सबैमा धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७७ पौष

विषय-सूची

क्र.सं.	विषयवस्तु	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त अधिकार र कर्तव्य	३
३	लेखापरीक्षणमान र कार्यपद्धति	४
४	मानव संसाधन	७
५	आन्तरिक व्यवस्थापन	८
६	महालेखापरीक्षकको कार्यालयको ५७ औं वार्षिक प्रतिवेदन पेस	१४
७	महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन	१४
८	सस्थागत सुदृढीकरण	१५
९	आय-व्ययको स्थिति	१५
१०	कार्यालय भवन निर्माण	१६
११	आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार	१७
१२	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	१८
१३	राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता	१८
१४	बाह्य सरोकार पक्षसँगको सम्बन्ध	१९
१५	लेखापरीक्षण नतिजा	२०
१६	वित्तीय तथा परिपालना लेखापरीक्षण	२१
१७	कार्यमूलक तथा विशेष लेखापरीक्षण	२५
१८	भावी कार्यदिशा	२५
१९	सुधारका क्षेत्रहरु	२५
	निष्कर्ष	४२
तालिका		
१	कर्मचारी दरबन्दी र पदपूर्ति विवरण	४३
२	नयाँ नियुक्ति भएका कर्मचारीहरुको विवरण	४४
३	बढुवा भएका कर्मचारीहरुको विवरण	४५
४	सेवा निवृत्त भएका कर्मचारीहरुको विवरण	४६
५	सरुवा भई आएका कर्मचारीहरुको विवरण	४७
६	आर्थिक वर्ष २०७६।७७ को वार्षिक आर्थिक विवरण (२०८००००१३ चालु)	४८
७	आर्थिक वर्ष २०७६।७७ को वार्षिक आर्थिक विवरण (२०८०००११३ चालु)	४९
८	आर्थिक वर्ष २०७६।७७ को वार्षिक आर्थिक विवरणहरु (२०८०००११४ पुँजीगत)	५०
९	आर्थिक वर्ष २०७६।७७ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१३ चालु)	५१
१०	आर्थिक वर्ष २०७६।७७ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१४ पुँजीगत)	५२
११	आर्थिक वर्ष २०७६।७७ को वार्षिक आर्थिक विवरण (अर्थ बजेट ६०१०१३३/६०१०१६३)	५३
१२	आर्थिक वर्ष २०७६।७७ को राजस्वको वार्षिक आर्थिक विवरण	५४
१३	आर्थिक वर्ष २०७६।७७ को धरौटीको आर्थिक विवरण	५५

१. पृष्ठभूमि

१.१ **कार्यालय परिचयः** नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा २०१६ सालमा स्थापना भएको हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । कार्यालयले वित्तीय, कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ ।

१.२ सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards of Supreme Audit Institution - ISSAI) २० र २१ मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी आर्थिक वर्ष २०७६।७७ मा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित कामलाई सरोकारवालाहरु समक्ष जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३ **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिम दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरु निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरुलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरुलाई अङ्गीकार गरिएको छः
  - ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरुसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्ने, व्यहोरा औंल्याउने, लेखापरीक्षण राय व्यक्त गर्ने ।
  - ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्दा पेशागत निष्ठा प्रस्तुत गर्ने।
  - ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना, तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको अङ्गीकार र निश्चित आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्ने र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्ने ।
  - ***व्यावसायिकताः*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कर्मचारीको सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्ने र स्वाध्ययनलाई निरन्तरता दिने।

➢ ***जवाफदेहिता:*** लेखापरीक्षण पेशा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फ ध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहने ।

१.४ कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनैतिक लक्ष्य र उद्देश्य

दूरदृष्टि

जनिहतका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था

गन्तव्य

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

मूल्य मान्यता

- निष्ठा
- स्वतन्त्रता
- व्यावसायिकता
- पारदर्शिता
- जवाफदेहिता

रणनैतिक लक्ष्य

१	२	३	४	५
लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्ने	**स्वतन्त्रता र क्षेत्राधिकार सुदृढ गर्ने**	सांगठनिक क्षमता विकास गर्ने	बाह्य सरोकारवालाहरुसँग पेशागत सम्बन्ध अभिवृद्धि गर्ने	आन्तरिक शासन अभिवृद्धि गर्ने
रणनैतिक उद्देश्य १.१ सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मानदण्डसँग आबद्ध लेखापरीक्षण पद्धतिको कार्यान्वयन गर्ने १.२ गुणस्तर आश्वस्तता पुनरावलोकन सुदृढ गर्ने १.३ अनुगमन परीक्षण सुदृढ बनाउने	**रणनैतिक उद्देश्य** २.१ वित्तीय स्वायत्तता हासिल गर्ने २.२ प्रशासनिक स्वायत्तता हासिल गर्ने २.३ लेखापरीक्षणका क्षेत्राधिकार सुदृढ गर्ने	**रणनैतिक उद्देश्य** ३.१ मानव संसाधन विकास रणनीति तयार एवं कार्यान्वयन गर्ने ३.२ संघीय संरचना र विस्तारित लेखापरीक्षणको क्षेत्राधिकारलाई सम्बोधन गर्न सांगठनिक रणनीतिको पुनर्संरचना गर्ने	**रणनैतिक उद्देश्य** ४.१ सूचना प्रविधि उपयोग गरी नियमित तथा प्रभावकारी सञ्चारलाई सुनिश्चित गर्ने ४.२ सञ्चार जगत तथा सर्वसाधारणसँगको अन्तरक्रियामा सुधार गर्ने ४.३ सार्वजनिक लेखा समितिसँग प्रभावकारी सम्बन्ध स्थापित गर्ने ४.४ लेखापरीक्षण गरिने निकाय एवं पेशागत संगठनहरुसँगको सम्बन्ध सुदृढ गरने	**रणनैतिक उद्देश्य** ५.१ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने ५.२ आचारसंहिताको पालना सुनिश्चित गर्ने ५.३ कार्य सञ्चालन योजना मार्फत रणनीति कार्यान्वयन गर्ने

१.५ **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रुपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा शासकीय व्यवस्था, पूर्वाधार विकास, अर्थ तथा आर्थिक क्षेत्र र सामाजिक सेवा लेखापरीक्षण विभाग हेर्ने गरी चार उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र विभागअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १४ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरुको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरु रहेका छन् । प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी प्रदेशस्तरमा कार्यालय स्थापना गर्न ६१४ कर्मचारी दरबन्दी नेपाल सरकारबाट मिति २०७५।३।३२ मा स्वीकृति भएको छ ।

२. संविधान प्रदत्त अधिकार र कर्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरु र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरुको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरुको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरुको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरुको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,
- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र

- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन ।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरुको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरु तयार गरी लागू गरिएको छ ।

३.१ **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards for Supreme Audit Institutions - ISSAI) को आधारमा नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standards - NGAS) जारी गरी २०७७।४।१ देखि लागू गरिएको छ । यसबाट वि.सं. २०५३ मा जारी सरकारी लेखापरीक्षण मानदण्ड र वि.सं. २०६३ मा जारी सरकारी लेखापरीक्षण नीति मानदण्ड प्रतिस्थापन भएको छ ।

३.२ **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, तरिका र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ । उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरुले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरुको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरु जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरुको समेत लेखापरीक्षण स्थलगत रुपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गरिन्छ ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रुपमै उपलब्ध गराई सोको एक/एक प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ ।

३.३ **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०७६।७७ मा वार्षिक योजना र कार्यक्रमको अधीनमा रही ३११० संघिय कार्यालय, ९९८ प्रदेश कार्यालय, ७४७ स्थानीय तह, ७७ जिल्ला समयन्वय समिति, ५७७ समिति र अन्य संस्था, ९३ संगठित संस्था को स्थलगत रुपमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको छ ।

लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४ निर्देशिका तथा मार्गदर्शन तर्जुमा

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरुको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कार्यान्वयनमा ल्याइएको "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" पालनाको अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **वित्तीय लेखापरीक्षण मार्गदर्शन:** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी लागू गरिएकोले कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

- **आन्तरिक नियन्त्रण निर्देशिका:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ को व्यवस्थाअनुसार आन्तरिक नियन्त्रण कार्यविधि, २०७१ तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।

३.५ लेखापरीक्षण व्यवस्थापन

- **कार्यमूलक लेखापरीक्षण:** यो वर्ष ११ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, ३ विषयको सूचना प्रविधि र १ विषयको विशेष लेखापरीक्षण सम्पन्न भएको छ ।

- **संगठित संस्थाको लेखापरीक्षण:** लेखापरीक्षण ऐन, २०७५ को दफा १० अनुसार नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षण गर्न नियुक्त बाह्य लेखापरीक्षक तथा कार्यालयको जनशक्तिबाट लेखापरीक्षण सम्पन्न गरी यस वर्ष ३८ संस्थाको ५३ अर्थिक वर्षको अन्तिम लेखापरीक्षण गरी प्रतिवेदन जारी भएका छन् । यस वर्ष १२ संस्थाको १४ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न हुन नसकी बक्यौता रहेको छ । आर्थिक वर्ष २०७६।७७ मा बिभिन्न स्थानीय निकायको लेखापरीक्षण कार्यमा सहयोग गर्न १६ जना लेखापरीक्षकलाई सहायकको रुपमा नियुक्त गरिएको छ । त्यस्तै लेखापरीक्षण ऐन, २०७५ को दफा (११) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएको संस्थामध्ये ३९ संस्थाको ७० आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्तिको परामर्श उपलब्ध गराइएको छ । प्रतिवेदन अवधिमा कार्यालयको जनशक्तिबाट ५ संस्थाको लेखापरीक्षण सम्पन्न भएको छ ।

- **अन्तर्राष्ट्रिय संस्थाको लेखापरीक्षण:** काठमाडौंस्थित सार्क सचिवालय, भक्तपुरमा रहेको सार्क क्षयरोग केन्द्रलगायत बंगलादेश, श्रीलंका र पाकिस्तानमा रहेका ५ वटा सार्क केन्द्रहरुको समेत जम्मा ७ वटा सार्क केन्द्रहरुको सन् २०१९ को अन्तिम लेखापरीक्षण सम्पन्न भएको छ ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदन:** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरु उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम

लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ । गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरुको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्ष सञ्चितकोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकायबाट पेस भएका १३० केन्द्रीय आर्थिक विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन दिइएको छ । संगठित संस्थातर्फ विगत र यो वर्षको समेत ४२ संस्थाको ६५ आर्थिक वर्षको कैफियतसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **आयोजना हिसाबको लेखापरीक्षणः** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ७२ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा ७० आयोजनाको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ २२, एसियाली विकास बैङ्कतर्फ ३२ र अन्य दातृ/राष्ट्र र निकायतर्फ १६ रहेको छ । यो वर्ष २ आयोजनाहरुले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् ।

- **सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका १० निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरुप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि नियमावली, २०६४ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फछ्यौंट गरी स्थलगत रुपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र माघ महिनापछि यस कार्यालयमा अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको जानकारी गराउने नीति कार्यालयले लिएको थियो । तद्अनुरुप २०७६ श्रावणदेखि २०७७ आषाढ मसान्तसम्म नेपाल सरकारको कार्यालयले रु.८७ अर्ब ७५ करोड ७४ लाख सम्परीक्षण गराएका छन् ।

- **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०७६।७७ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रुपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरु, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरु, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरु समेटी वार्षिक लेखापरीक्षण योजना, २०७६ तर्जुमा गरी लागू गरिएको छ ।

- **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०७६।७७ को कारोबारको लेखापरीक्षण २०७६ श्रावणमा शुरु गरी माघसम्ममा सम्पन्न गर्ने र चैत्र मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएकोमा विश्वव्यापीरुपमा देखा परेको कोरोना भाइरसको संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारबाट गरिएको बन्दाबन्दीका कारण २०७७ असार ३१ गते वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ ।

- **समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाः** समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचामा परिमार्जन गरी समष्टिगत तथा निकायगत लेखापरीक्षण योजनाको ढाँचा, २०७६ लागू गरिएको छ । उक्त योजना मूलतः जोखिम पहिचान र मूल्याङ्कनको अवधारणामा आधारित छ ।

- **लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरुप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरुप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।

३.६ **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिकाअनुसार २०७५।७६ मा सम्पन्न गरिएका वित्तीय लेखापरीक्षणमध्ये नमूनाको रुपमा छनौट गरी वित्तीय तथा नियमित लेखापरीक्षणतर्फ ६६, र कार्यमूलक एवं सूचना प्रविधि लेखापरीक्षणतर्फ ३ समेत ६९ फाइलहरुको गुणस्तर आश्वस्तता पुनरावलोकन गरिएको छ । लेखापरीक्षण पश्चात् गरिने गुणस्तर पुनरावलोकनबाट मात्र गुणस्तर सुनिश्चित गर्न कठिनाइ भएको महसुस गरी आर्थिक वर्ष २०७४।७५ देखि लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व नै गुणस्तर पुनरावलोकन (Pre-issuence review) गर्न शुरु गरिएको छ । पुनरावलोकनमा निकायको जानकारी, लेखापरीक्षण योजना तथा कार्यक्रम तयारी, जोखिम क्षेत्र पहिचान र सोको कार्यान्वयन, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन, सङ्कलित प्रमाणको अभिलेख व्यवस्थापन, नमूना छनौट प्रक्रिया, लेखापरीक्षकको कार्यविवरण तथा कार्यविधिको अभिलेखीकरण, आचारसंहिताको घोषणा तथा पालना, गुणस्तर नियन्त्रण कार्यविधिहरु, कानुन नियमहरुको पालना, लेखापरीक्षण कार्यपत्र एवं प्रतिवेदनको पुनरावलोकन, लेखापरीक्षण टोलीको सुपरिवेक्षण तथा निकायबाट प्राप्त निर्देशन तथा प्रतिक्रियाउपर कारबाही गरी अन्तिम प्रतिवेदन जारी गर्ने लगायतका क्षेत्रमा गुणस्तर आश्वस्तता मूल्याङ्कन/पुनरावलोकन गरी थप सुधारका क्षेत्रहरु पहिचान गर्ने गरिएको छ ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा, नेपाल विविध सेवाका कर्मचारीहरु आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

४.१ **दरबन्दी र पदपूर्तिः** नेपाल सरकार (मन्त्रिपरिषद्) बाट २०७५।३।३२ मा स्वीकृत दरबन्दी विवरण अनुसार महालेखापरीक्षकको कार्यालयको स्वीकृत दरबन्दी ६१४ रहेको छ । उक्त दरबन्दीमध्ये हाल (२०७७ असार सम्ममा) ४५३ पदपूर्ति भई १६१ रिक्त रहेको छ । कुल पदपूर्तिमध्ये ७७ (१७ प्रतिशत) महिला र ३७६ (८३ प्रतिशत) पुरुष कर्मचारी छन् । दरबन्दी एवम् पदपूर्तिसम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

४.२ **नियुक्ति र पदस्थापनः** यो वर्ष लोक सेवा आयोगबाट सिफारिस भई आएका नायब महालेखापरीक्षक १ र लेखापरीक्षण निरीक्षक २ समेत ३ कर्मचारीको नयाँ नियुक्ति एवं पदस्थापन गरिएको छ । नियुक्ति एवं पदस्थापनको विवरण तालिका २ संलग्न छ ।

४.३ **बढुवाः** यो वर्ष नायब महालेखापरीक्षक ४, निर्देशक ८, लेखापरीक्षण अधिकारी २८, लेखापरीक्षण अधीक्षक ३ समेत ४३ कर्मचारी बढुवा भएका छन्। यससम्बन्धी विवरण तालिका ३ संलग्न छ ।

४.४ **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट नायब महालेखापरीक्षक ५, निर्देशक ९, लेखापरीक्षण अधिकारी ५, शाखा अधिकृत १, लेखापरीक्षण अधीक्षक १, टा.ना.सु. २ र कार्यालय सहयोगी २ समेत २६ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । यससम्बन्धी तालिका ४ संलग्न छ ।

४.५ **सरुवाः** यस वर्ष विभिन्न पदका ८ कर्मचारीहरु अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका छन् । यससम्बन्धी तालिका ५ संलग्न छ ।

४.६ **दरबन्दी र कार्यबोझः** स्वीकृत दरबन्दी ६१४ मध्ये लेखापरीक्षणमा प्रत्यक्ष संलग्न रहने दरबन्दी ४७२ सुपरभिजनमा रहने दरबन्दी १८ र सहायकको रुपमा रहने १२४ दरबन्दी रहेको छ । प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने ४७२ मध्ये ३७५ मात्र पदपूर्ति भई ९७ पद रिक्त रहेको छ । स्थानीय तहमा प्रत्येक वर्ष बजेटको आकार बढिरहेको, स्थलगत रुपमा लेखापरीक्षण गर्नुपर्ने, कारोबारको जटिलता बढेको आदि कारणबाट स्वीकृत दरबन्दीअनुसार लेखापरीक्षण सम्पन्न गर्न कार्यबोझ बढी रहेको अवस्था छ ।

४.७ **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७७ को अवसरमा यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री रन्जितकुमार भट्ट निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

५. आन्तरिक व्यवस्थापन

५.१ **प्रकाशनः** सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन २०७५ आषाढ महिनादेखि मासिक रुपमा लेखापरीक्षण बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी गरिएकोमा यस वर्ष २०७६ असोज, पौष र २०७७ असारमा गरी ३ वटा बुलेटिन प्रकाशित गरिएको छ । सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ८९ औं अङ्क २०७६ पौष महिनामा र ९० औं अङ्क २०७७ आषाढ महिनामा प्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

५.२ **महालेखापरीक्षकोको वार्षिक लेखापरीक्षण योजना, २०७६ कार्यान्वयनः** संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य कार्यालय तथा संस्थाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षणका लागि माननीय महालेखापरीक्षकज्यूबाट २०७६।३।३१ मा स्वीकृत वार्षिक लेखापरीक्षण योजना, २०७६ अनुसार संघ, प्रदेश र स्थानीय तह तथा सोअन्तर्गतका निकायको लेखापरीक्षण गर्न विशिष्टीकरण हुने गरी २०७६ श्रावण चौंथो हप्ताबाट शुरु गरी २०७६ माघ मसान्तसम्ममा सम्पन्न गर्ने लक्ष्यअनुसार लेखापरीक्षण सम्पन्न गरिएको थियो ।

५.३ **सम्माननीय प्रधान न्यायाधीश र माननीय महालेखापरीक्षकबीच भेटः** आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण वार्षिक कार्यतालिका, लेखापरीक्षण व्यवस्थापनलगायत विविध विषयमा २०७६।५।२६ गते सम्माननीय प्रधान न्यायाधीशसँग माननीय महालेखापरीक्षकले भेट गरी जानकारी गराउनुभएको थियो ।

५.४ **काठमाडौं उपत्यकास्थित स्थानीय तहका पदाधिकारीसँग छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा काठमाडौं उपत्यकास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख तथा महालेखापरीक्षकको कार्यालयका पदाधिकारीबीच आर्थिक वर्ष २०७५।७६ को स्थानीय तहको लेखापरीक्षण सम्बन्धमा २०७६ कार्तिक ६ गते छलफल सम्पन्न भयो । उक्त छलफलमा माननीय महालेखापरीक्षकज्यूले नेपालको संविधानले स्थानीय तहको लेखापरीक्षणको जिम्मेवारी महालेखापरीक्षकलाई तोकेको तथा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण हुने जानकारी गराउनुभयो । त्यसैगरी उहाँले सेवा प्रवाहको अवस्था, सार्वजनिक खरिद प्रक्रियाको परिपालना र आन्तरिक स्रोतको परिचालनको अवस्थालाई विशेष ध्यान दिई स्थानीय तहले कार्य सम्पादन गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा उपस्थित स्थानीय तहका पदाधिकारीहरुले कार्य सम्पादनका क्रममा आइपरेका समस्या, चुनौती, अनुभव एवं

लेखापरीक्षणसम्बन्धी विभिन्न जिज्ञासाहरु माननीय महालेखापरीक्षकज्यूसमक्ष राखुभएको थियो । छलफलका क्रममा सहभागीहरुले कुनै कार्यालयमा कुनै एक विषयमा बेरुजू देखाइएको तर त्यही विषयमा अन्य कार्यालयमा बेरुजू नदेखाइएकोले बेरुजूमा एकरुपता नभएको, जनप्रतिनिधिमा प्राविधिक ज्ञानको अभाव हुँदा सम्पादित निर्माण कार्यको प्रभावकारी अनुगमन गर्न समस्या रहेको, रु.१ करोडसम्मको योजना उपभोक्ता समितिद्वारा गर्न सकिनेमा पनि ठेक्का लगाउनुपर्ने र उपभोक्ता समितिमार्फत कार्य गराउँदा पनि ठेकेदारमार्फत कार्य गर्ने प्रवृत्ति रहेको, निर्माण सामग्रीहरुको जिल्ला दररेट बजार दररेटभन्दा कम रहेको जस्ता समस्याहरु अवगत गराउनुभएको थियो । कार्यक्रममा काठमाडौं महानगरपालिकाका नगर प्रमुख श्री विद्यासुन्दर शाक्यले सार्वजनिक सम्पत्तिको सदुपयोगको सम्बन्धमा न्यायिक निकाय तथा नियमनकारी निकायहरुले समयमा फैसला एवं निर्णय नगर्दा समयमा कार्य सम्पन्न हुन नसकी वर्षेनी योजनाको लागत बढ्दै गएको र नागरिकको अपेक्षाअनुसार सेवा प्रवाहमा कठिनाइ भएको उल्लेख गर्दै यस विषयलाई समेत लेखापरीक्षणको दायरामा ल्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

५.५ **महालेखापरीक्षक र दिगो विकास तथा सुशासन समितिका सभापतिबीच छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र संघीय संसद्, दिगो विकास समितिका माननीय सभापति श्री तारादेवी भट्टबीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा २०७६ कार्तिक २८ मा छलफल भयो । सो अवसरमा समितिका माननीय सदस्यहरु श्री दिनानाथ शर्मा र श्री चक्रप्रसाद स्नेहीको उपस्थिति रहेको थियो । सो क्रममा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकसम्बन्धी संवैधानिक व्यवस्था, कार्यालयको लेखापरीक्षण प्रक्रिया लगायतका विषयमा जानकारी दिनुहुँदै दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा सहयोग गरी आवश्यक सुझाव प्रदान गर्न यसर्को समेत लेखापरीक्षण भइरहेको बताउनुभयो । साथै उहाँले आर्थिक अनुशासन र सुशासन प्रवर्द्धनका लागि समितिको सक्रियता अपरिहार्य रहेको औंल्याउनुभयो । त्यसैगरी समितिका सभापति श्री भट्टले समितिको परिचय र उद्देश्यका बारेमा प्रकाश पार्नुहुँदै दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न तथा आर्थिक अनुशासन कायम गराउन समितिले खेलेको भूमिकाबारेमा चर्चा गर्नुभएको थियो । दिगो विकास लक्ष्य र सुशासन प्रवर्द्धनको विषयमा सातवटै प्रदेशका प्रदेशसभा सदस्यहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भइसकेको उहाँले बताउनुभयो । समितिका सदस्य तथा राष्ट्रिय सभाका माननीय सदस्य श्री दिनानाथ शर्माले दिगो विकास लक्ष्यको कार्यान्वयन, आर्थिक अनुशासन कायम गराउने विषयलाई समितिले प्राथमिकतामा राखेको बताउँदै महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयनका लागि आफूहरुको पूर्ण सहयोग रहने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो ।

५.६ **कार्यमूलक लेखापरीक्षणसम्बन्धी छलफलः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा वार्षिक लेखापरीक्षण योजना, २०७६ बमोजिम कार्यमूलक लेखापरीक्षणका लागि छनोट भएका विभिन्न विषयमा सम्बन्धित निकायको प्रस्तुतीकरण कार्यक्रम २०७६ कार्तिक २९ मा सम्पन्न भयो । कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, नायब महालेखापरीक्षक श्री श्रीकुमार राईलगायतका पदाधिकारीको उपस्थिति रहेको थियो । सो अवसरमा कार्यमूलक लेखापरीक्षणका लागि छनोट भएका विषयहरु सडक आयोजना व्यवस्थापन, स्वास्थ्य तथा जनसंख्या सेवाको नियमन, खानेपानी आयोजना व्यवस्थापन, वाग्मती सफाई र सौन्दर्यकरण, विद्युत प्रसारण लाइन निर्माण, सञ्चालन र व्यवस्थापन, राष्ट्रिय खेलकुद परिषदमा पूर्वाधारको अवस्था, शैक्षिक संस्थाको नियमन, जलस्रोत तथा सिँचाइ आयोजना व्यवस्थापनमा भएका विकास, प्रगति, समस्या र चुनौतीका बारेमा सम्बन्धित निकायका प्रतिनिधिले प्रस्तुतीकरण गरेका थिए । प्रस्तुतीकरण पश्चात् माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्य व्यक्त गर्दै नेपालमा आयोजना कार्यान्वयन असफल हुनुका कारणबारे विश्लेषण एवं सुझाव प्रस्तुत गर्ने उद्देश्यले उक्त विषयलाई कार्यालयले कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरेको बताउनुभयो । सो क्रममा उहाँले आयोजना सञ्चालन र व्यवस्थापनमा देखिएका समस्याहरुको निराकरण गर्दै सार्वजनिक स्रोतको अधिकतम परिचालन र सदुपयोगमा सम्बन्धित पदाधिकारीहरुको ध्यानाकर्षण गराउनुभयो ।

५.७ **लेखापरीक्षण गुणस्तरसम्बन्धी कार्यशाला गोष्ठीः** एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई तथा महालेखापरीक्षकको कार्यालयको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी सेमिनार (ASOSAI Seminar on Quality Control/Quality Assurance) २०७६ मंसिर १६ देखि २० सम्म काठमाडौँमा सम्पन्न भयो । सर्वोच्च लेखापरीक्षण संस्थाहरुको लेखापरीक्षण प्रणालीमा गुणस्तर नियन्त्रण तथा आश्वस्तता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित उक्त सेमिनारमा एसिया महादेशबाट विभिन्न २४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका २७ जना प्रतिनिधिहरुको सहभागिता थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण कार्यमा गुणस्तरको विषयलाई प्राथमिकतामा राखी सर्वोच्च लेखापरीक्षण संस्थाहरुले कार्यसम्पादन गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

५.८ **लेखापरीक्षण जवाफदेहिता अभिवृद्धिसम्बन्धी कार्यशाला गोष्ठी सम्पन्नः** महालेखापरीक्षकको कार्यालय र International Budget Partnership (IBP) को संयुक्त आयोजनामा लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि (Advancing Audit Accountabilty: How Can We Strengthen Responsiveness and Action ?) विषयक दुई दिने कार्यशाला गोष्ठी २०७६ मंसिर २५ र २६ गते काठमाडौँमा सम्पन्न भयो । कार्यक्रमको उदघाटन समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने लेखापरीक्षण कार्यको प्रभावकारिता अभिवृद्धि तथा लेखापरीक्षण प्रतिवेदनले औँल्याएका सुझावको कार्यान्वयनमा सरोकारवालाको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले भूकम्प पश्चात् पुनर्निर्माण कार्यको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा तथा सुझावका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाललगायत घाना, सियरालियोन, तान्जानिया, मेक्सिको र अर्जेन्टिना गरी ६ देशका सर्वोच्च लेखापरीक्षण संस्था, नागरिक समाज, सञ्चार माध्यमका प्रतिनिधिसमेत गरी ६० जनाको सहभागिता रहेको थियो । त्यसैगरी महालेखा नियन्त्रक श्री गोपीनाथ मैनाली, संघीय संसद, प्रतिनिधि सभाअन्तर्गत सार्वजनिक लेखा समिति सचिव डा. रोजनाथ पाण्डे, अर्थ समिति सचिव श्री सुरेन्द्र अर्याल, विश्व बैंङ्कका MDTF Manager Franck Bessette, International Budget Partnership sf Senior Program Officer Claire Schouten, Asian Development Bank, United State's Agency for International Development (USAID), Japan International Cooperation Agency (JICA), GIZ, Freedom Forum लगायतका संस्थाका प्रतिनिधिको समेत उपस्थिति रहेको थियो । सो क्रममा विभिन्न देशका प्रतिनिधिले आफ्नो देशमा नागरिक सहभागितामूलक लेखापरीक्षण र प्रतिवेदन कार्यान्वयनको अवस्था तथा चुनौतीबारे प्रस्तुतीकरण गरेका थिए । International Budget Partnership का Senior Program Officer Schouten ले महालेखापरीक्षकको कार्यालयसँग सहकार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा खुशी व्यक्त गर्दै माननीय महालेखापरीक्षकज्यू तथा कार्यालय परिवारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

५.९ **लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्नः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा प्रदेश नं. १, २, ५, बागमती र गण्डकी प्रदेश तथा सिन्धुली जिल्लामा लेखापरीक्षणसम्बन्धी छुट्टाछुट्टै अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमहरुमा प्रदेश सदरमुकाम रहेका जिल्लाका स्थानीय तहका जनप्रतिनिधिलगायत संघ, प्रदेश र स्थानीय तहका कार्यालय र लेखाप्रमुखको सहभागिता रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षणसम्बन्धी संवैधानिक र कानुनी व्यवस्था, प्रतिवेदन प्रणाली, वित्तीय जवाफदेहितालगायतका विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा लेखापरीक्षणको क्षेत्र, उद्देश्य, पद्धति, आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र वित्तीय जोखिम न्यूनीकरण सम्बन्धमा कार्यालयका उप-महालेखापरीक्षकहरुले प्रस्तुतीकरण गर्नुभएको थियो । सो क्रममा लेखा, लेखापरीक्षण, बेरुजू, सम्परीक्षणका विविध विषयमा सहभागीले आफ्नो जिज्ञासा राखेका थिए । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सहभागीको तर्फबाट प्रस्तुत जिज्ञासाको सम्बोधन गर्दै जिल्लामा भइरहेको स्थलगत लेखापरीक्षण कार्यमा सम्बन्धित सबैको सहयोगको अपेक्षा गर्नुभयो । अन्तरक्रिया कार्यक्रमसँगै माननीय महालेखापरीक्षकज्यूले सम्बन्धित प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रीहरु, प्रदेश सभाका सभामुख, प्रदेश लेखा समितिका सभापति एवं सदस्यलगायतका

पदाधिकारीसँग समेत भेटघाट गर्नुभएको थियो । भेटका अवसरमा प्रदेशको कार्यसम्पादन अवस्था, विद्यमान समस्या र लेखापरीक्षणका विविध विषयमा छलफल भएको थियो ।

महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७६ मंसिर र पौष महिनामा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा देहायबमोजिम लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमहरु सम्पन्न भएका छन्:

क्र.सं.	प्रदेश नं.	स्थान	मिति
१	प्रदेश नं. १	विराटनगर, मोरङ	२०७६।०८।१२ र १३
२	प्रदेश नं. २	जनकपुरधाम, धनुषा	२०७६।०८।१० र ११
३	बागमती प्रदेश	हेटौंडा, मकवानपुर	२०७६।०९।१७ र १८
४	गण्डकी प्रदेश	पोखरा, कास्की	२०७६।०८।२३ र २४
५	प्रदेश नं. ५	बुटबल, रुपन्देही	२०७६।०९।१० र ११
६	वाग्मती प्रदेश	सिन्धुली,	२०७६।०९।२९

५.१० **लेखापरीक्षण प्रणाली पुनःसंरचनासम्बन्धी अन्तरक्रिया सम्पन्नः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा लेखापरीक्षण प्रणाली पुनःसंरचनासम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७६ पौष २४ मा सम्पन्न भयो । कार्यक्रममा कार्यालयका सबै उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षकलगायत अन्य पदाधिकारी तथा महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाको परामर्शदाताहरुको सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणको विधिमा समयानुकूल परिमार्जन गरी प्रभावकारी, आधुनिक तथा परिस्कृत बनाउँदै लैजानुपर्ने बताउनुभयो । त्यसैगरी प्रदेश र स्थानीय तहको कामको दायरा फराकिलो हुँदै गइरहेको अवस्थामा यी निकायहरुको लेखापरीक्षणमा थप सजगता अपनाउनुपर्ने उल्लेख गर्दै लेखापरीक्षणका समग्र पक्षमा गरिने सुधार कार्यान्वयनयोग्य, जोखिममा आधारित र सूचना प्रविधिमैत्री हुनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा आयोजनाको परामर्शदाता E & Y LLP का प्रतिनिधि श्री सञ्जोयकुमार गुप्ता, अन्तर्राष्ट्रिय लेखापरीक्षण व्यवस्थापन विज्ञ श्री के.पी. शशीधरण, लेखापरीक्षण व्यवस्थापन विज्ञ सि.ए. श्री भवनाथ दाहाल र सार्वजनिक लेखापरीक्षण तालिम विज्ञ सि.ए. श्री जगदीश भट्टराईले लेखापरीक्षण प्रणालीको पुनःसंरचना, सोको तरिका, प्रभाव र सोको लागि परियोजनाले खेल्ने भूमिकालगायतका विषयमा प्रस्तुतीकरण गरेका थिए ।

५.११ **प्रदेश समन्वय परिषद्को बैठकमा महालेखापरीक्षकज्यूको सहभागिताः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल प्रदेश नं.२ को बर्दिवासमा २०७६ पौष २७ र प्रदेश नं. १ को विराटनगरमा २०७६ पौष २९ गते आयोजित प्रदेश समन्वय परिषद्को बैठकमा सहभागी हुनुभयो । प्रदेश नं.२ का माननीय मुख्यमन्त्री एवं प्रदेश समन्वय परिषद् संयोजक श्री लालबाबु राउत र प्रदेश नं. १ का माननीय मुख्यमन्त्री एवं प्रदेश समन्वय परिषद् संयोजक श्री शेरधन राईको अध्यक्षतामा सम्पन्न भएका छुट्टाछुट्टै बैठकहरुमा सम्बन्धित प्रदेश सरकारका मन्त्रीहरु, प्रमुख सचिव एवं सचिवहरु, प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहका प्रमुख, उप-प्रमुख लगायतका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

उल्लिखित दुवै बैठकहरुमा माननीय महालेखापरीक्षकज्यूले संघीय व्यवस्थाअन्तर्गत तीनवटै सरकारबीच सहकार्य, समन्वय र सह-अस्तित्वमैत्री वातावरण बनाउँदै योजनाबद्ध तरिकाले दिगो विकासका लक्ष्यहरु प्राप्त गर्नेतर्फ सम्बन्धित निकायका कार्यहरु निर्देशित हुनुपर्ने बताउनुभयो । सो क्रममा उहाँले सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र विश्वसनीय बनाउँदै सार्वजनिक स्रोतको अधिकतम् परिचालन र सदुपयोगबाट विकासका आधारभूत लक्ष्य प्राप्तिमा सबैको सामूहिक प्रयत्न र जिम्मेवारी रहनुपर्ने उल्लेख गर्नुभयो । त्यसैगरी उहाँले प्रदेश सरकार र स्थानीय तहका काम-कारबाहीमा आर्थिक अनुशासन, पारदर्शिता र वित्तीय

जवाफदेहिताको सुनिश्चितता हुनुपर्ने बताउनुभयो । उल्लेखित कार्यक्रमहरुमा सहभागीले राखेका विभिन्न जिज्ञासाउपर माननीय महालेखापरीक्षकज्यूले आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

५.१२ **संघीय संसद प्रतिनिधि सभाका सम्माननीय सभामुख र महालेखापरीक्षकबीच भेटः** संघीय संसद्, प्रतिनिधि सभाका सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटा र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालबीच संघीय-संसद सचिवालय, सिंहदरबारमा २०७६ माघ १६ भेटघाट सम्पन्न भयो । सो क्रममा सम्माननीय सभामुखज्यूबाट देशमा वित्तीय अनुशासन कायम गर्न महालेखापरीक्षकको कार्यालयको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै प्रचलित कानुनी व्यवस्थाअनुसार सार्वजनिक आर्थिक गतिविधि सञ्चालन हुनुपर्ने र संघीय संसद, संवैधानिक अङ्गका कार्यहरु अन्य निकायका लागि उदाहरणीय हुनुपर्ने कुरामा जोड दिनुभयो । साथै उहाँले महालेखापरीक्षक र संघीय-संसद सचिवालयबीच सुमधुर सम्बन्ध, समन्वय र सहकार्य कायम गर्दै अगाडि बढ्नुपर्ने, संघीय संरचनामा महालेखापरीक्षकको कार्यसम्पादनको दायरा फराकिलो, आधुनिक र परिमार्जित गर्नुपर्ने बताउनुभएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले कार्यालयको लेखापरीक्षण योजना, कार्यक्रम, लेखापरीक्षण विधि, लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोराहरु, लेखापरीक्षण प्रणालीका विद्यमान समस्याहरु उल्लेख गर्दै सुधारका कार्ययोजना सहित आवश्यक क्रियाकलाप अगाडि बढाइएको जानकारी गराउनुभएको थियो । त्यस क्रममा उहाँले नवनियुक्त सम्माननीय सभामुख श्री सापकोटालाई बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो ।

५.१३ **नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको दीक्षान्त समारोहमा महालेखापरीक्षकको सहभागिताः** नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको २३ औँ वार्षिकोत्सव तथा दोस्रो चार्टर्ड एकाउन्टेन्ट्स दीक्षान्त समारोहलाई २०७६ माघ १७ मा सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालले चार्टर्ड एकाउन्टेनट्सहरुले इमान्दारिता र नैतिकताका साथ लेखापरीक्षण कार्य गर्नुपर्ने बताउनुभयो । महालेखापरीक्षक श्री शर्माले लेखापरीक्षकहरुको भूमिकाले कुनै पनि संस्थाको कारोबारलाई स्वच्छ बनाउने भन्दै इमान्दार, नैतिकवान भएर काम गर्न आग्रह गर्नुभयो ।उहाँले लेखापरीक्षकले अरुले गरेको हिसाब किताबलाई अध्ययन गरी, विश्लेषण गरी अन्तिम नतिजा दिनुपर्ने भएकाले लेखापरीक्षकहरु बढी अध्ययनशील र लगनशील हुनुपर्ने बताउनुभयो । उहाँले कारोबारमा अनियमितता भए नभएको पत्ता लगाउन सक्ने क्षमताको विकास गर्न पनि चार्टर्ड एकाउन्टेन्टस्हरुले अध्ययनलाई निरन्तरता दिन सुझाव दिनुभयो । कार्यक्रममा नेपालको चार्टर्ड एकाउन्टेन्ट्स संस्थामा थपिएका ८२ जना नयाँ सदस्यहरुलाई दीक्षित गराइएको थियो ।

५.१४ **नेपाल र भुटानका महालेखापरीक्षकबीच भेटघाट तथा अन्तरक्रियाः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसँग भुटानका महालेखापरीक्षक श्री छिरिङ केजाङसहितको टोलीले महालेखापरीक्षकको कार्यालयमा २०७६ माघ २१ मा भेटघाट गरेको छ । माननीय महालेखापरीक्षकज्यूको निमन्त्रणामा Royal Audit Authority का Assistant Auditor General Karma Jambayyang, Audit Officer Pema Wangda, Sangay Dechen, Ugyen Tshomo, Ugyen Norbu सहितको ६ सदस्यीय टोलीले नेपाल भ्रमण गरेको थियो ।

उक्त अवसरमा माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा भुटानका महालेखापरीक्षक श्री केजाङ सहितको टोली र कार्यालयका पदाधिकारीबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण प्रणालीको सम्पूर्ण चरणमा नागरिक समाजको सहभागिता कायम गर्न सकेमा पारदर्शिता, जवाफदेहिता र प्रभावकारिता अभिवृद्धि भई जनमानसमा लेखापरीक्षणप्रति विश्वसनीयता हासिल गर्न सकिने बताउनुभयो । आफ्नो निमन्त्रणा स्वीकार गरी नेपाल भ्रमणका लागि आउनुभएकोमा भ्रमण टोलीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

सोही कार्यक्रममा भुटानका माननीय महालेखापरीक्षकले नागरिक समाजको सहभागितामा गरिने लेखापरीक्षणमा नेपालले उल्लेख्य प्रगति गरेकोले सो अवधारणा भुटानमा समेत कार्यान्वयन गर्न थालिएको सन्दर्भमा भ्रमण उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा "लेखापरीक्षणमा नागरिक समाजको सहभागिता" विषयमा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले प्रस्तुतीकरण गर्नुभएको थियो । सो क्रममा उप-महालेखापरीक्षक श्री डोटेलले लेखापरीक्षणमा नागरिक समाजको सहभागिताको क्षेत्र, इन्टोसाईको मानदण्ड, औचित्य, रणनीति, चुनौती, भावी योजनाहरु र नेपालमा यसको अनुभव सम्बन्धमा चर्चा गर्नुभएको थियो । सो क्रममा यस वर्ष २४ जिल्लाका विभिन्न २४ संस्थाहरुमार्फत नागरिक समाजका १०० जनाभन्दा बढी प्रतिनिधि कार्यमूलक लेखापरीक्षण प्रक्रियामा सहभागी भइरहेको र यसबाट सम्बन्धित निकायको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गर्न सघाउ पुग्ने तथा लेखापरीक्षणमा जनविश्वास अभिवृद्धि हुने कार्यालयको अपेक्षा रहेको बताउनुभयो ।

त्यसैगरी भुटानको सर्वोच्च लेखापरीक्षण संस्था Royal Audit Authority का Assistasnt Auditor General Karma Jambayyang ले वित्तीय, कार्यमूलक र कानून परिपालनाको विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त लेखापरीक्षणबारेमा इन्टोसाइको मानदण्ड, भुटानको सर्वोच्च लेखापरीक्षण संस्थाले अवलम्वन गरेको सिद्धान्त, कानुनी व्यवस्था, लेखापरीक्षण प्रणाली, लेखापरीक्षणको उद्देश्य, जोखिमका क्षेत्र बारेमा प्रकाश पार्नुभएको थियो । सो अवसरमा दुई देशका सर्वोच्च लेखापरीक्षण संस्थाबीच द्विपक्षीय हित, अनुभव आदानप्रदान र सहयोगका सम्बन्धमा समेत छलफल भएको थियो ।

५.१५ **लेखापरीक्षण सल्लाहकार समितिको बैठक सम्पन्नः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको संयोजकत्वमा लेखापरीक्षण सल्लाहकार समितिको बैठक २०७६ फागुन २२ मा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा सम्पन्न भयो । उक्त बैठकमा लेखापरीक्षणमा गर्नुपर्ने सुधार, महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन, प्रदेशगत प्रतिवेदन तथा स्थानीय तहको प्रतिवेदनमा समावेश गर्ने विषय, प्रदेशस्तरमा कार्यालयको विस्तार, आर्थिक प्रशासन र लेखापरीक्षणसँग सम्बन्धित कानुन एवं यसमा गर्नुपर्ने सुधारलगायतका विषयमा छलफल भएको थियो । बैठकमा सल्लाहकार समितिका पदाधिकारीहरुले आ- आफ्नो धारणा व्यक्त गर्नुहुँदै, कार्यालयले विगतदेखि नै प्रतिवेदनमा औल्याउँदै आएका विषयवस्तुहरु बजेट तथा खर्चको आङ्कलन, खर्च व्यवस्थापन, आयोजना व्यवस्थापन, सार्वजनिक खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण, सेवा प्रवाह, वित्तीय उत्तरदायित्वको पालना, सूचना प्रविधिको उपयोग, प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन लगायतको क्षेत्रमा लेखापरीक्षणले विशेष ध्यान दिनुपर्ने बताउनु भएको थियो । उहाँहरुले आगामी दिनमा लेखापरीक्षणलाई विद्युतीय माध्यममा रुपान्तरण गर्नुपर्ने लगायतका विषयमा सुझाव दिनुभएको थियो । त्यसैगरी समितिका सदस्यहरुले प्रतिवेदनको गुणस्तरमा सुधार गर्दै जोखिममा आधारित लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षणतर्फ विशेष ध्यान दिन, बेरुजूको सैद्धान्तिक र लगती वर्गीकरणको स्पष्ट मानदण्ड निर्धारण गर्न तथा सरोकारवाला निकायहरुलाई लेखापरीक्षण र अनुसन्धानबीचको फरक बुझाउनुपर्नेतर्फ थप ध्यान दिनुपर्ने बताउनुभएको थियो । सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले आर्थिक वर्ष २०७५।७६ को स्थलगत लेखापरीक्षण अन्तिम चरणमा पुगेको जानकारी गराउनुहुँदै सल्लाहकार समितिका पदाधिकारीहरुबाट प्रस्तुत सुझावलाई वार्षिक प्रतिवेदन तयारीका क्रममा मार्गदर्शनको रुपमा लिइने उल्लेख गर्नुभयो । साथै कार्यालयबाट सम्पादन गरिने लेखापरीक्षणलगायतका अन्य काम कारबाही सम्बन्धमा निरन्तर सुधार गरी कार्यालयको प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्नुभएकोमा सल्लाहकार समितिप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

५.१६ **प्राविधिक समिति गठनः** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको भविष्यमा गर्नुपर्ने सुधार खण्डमा समावेश गर्ने प्रयोजनका लागि आवश्यक अध्ययन गरी सुझाव पेस गर्न २०७७ जेठ २९ मा एक प्राविधिक समिति गठन गरिएको छ । प्राविधिक समितिले समग्र नीतिगत विषयमा गर्नुपर्ने सुधार, संघीय संरचनामा वित्त व्यवस्थापनमा गर्नुपर्ने सुधार, नियमनकारी निकायहरुको नियमन प्रभावकारिता, कोभिड-१९ को प्रभाव अध्ययन र सार्वजनिक संस्थानहरुको व्यवस्थापनमा गर्नुपर्ने सुधारका विषयमा माननीय महालेखापरीक्षकज्यू समक्ष सुझाव प्रस्तुत गरेको छ ।

५.१७ **कोरोना नियन्त्रण तथा उपचार कोषमा सहयोगः** महालेखापरीक्षकको कार्यालयले २०७६।१२।२५ मा नेपाल सरकारले स्थापना गरेको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रु.२४,३४,६८६।- (अक्षरेपी चौबीस लाख चौतीस हजार छ सय छयासी) सहयोग गरेको छ । उक्त कोषमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले १५ दिनको तलब सहयोग गर्नुभएको छ । कोषमा उप-महालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधीक्षक, लेखापरीक्षण निरीक्षक, हलुका सवारी चालक र कार्यालय सहयोगीहरुबाट तोकिएबमोजिमको रकम कोषमा जम्मा गर्नुभएको थियो ।

५.१८ **खरिदः** कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरु सार्वजनिक खरिद ऐन, २०६३ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार सिलबन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमद्वारा खरिद कार्य गरिएको छ ।

क्र.सं.	खरिदको किसिम	खरिद विधि	खरिद सम्झौता रकम (मू.अ.कर बाहेक)
१	मसलन्द सामान आपूर्ति	बोलपत्र	२६,१४,७००।-
२	फोटोकपी तथा कम्प्युटर प्रिन्टरको टोनर आपूर्ति	बोलपत्र	३४,७४,०००।-
३	कर्मचारी बस सेवा	बोलपत्र	२७,००,०००।-

५.१९ **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय सुशासन प्रणाली लागू गरिएको छः

- कर्मचारीहरुको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गत वर्ष सम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
- कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेभसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरु समावेश गरिएको छ ।
- कार्यालयमा दर्ता कम्प्युटरकृत गरी लेखाङ्कन गर्ने प्रणाली सञ्चालनमा छ ।
- कार्यालयका परिपत्रहरु Electronic माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ ।

६. महालेखापरीक्षकोको कार्यालयको ५७ औं वार्षिक प्रतिवेदन पेस

महालेखापरीक्षकको ५७ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले २०७७।३।३१ मा पेस गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने भएकोले प्रतिवेदनमा उल्लिखित व्यहोरा नेपाल सरकारले कार्यान्वयन गर्ने जानकारी गराउनुभएको थियो ।

७. महालेखापरीक्षकोको ६ वर्षे कार्ययोजना कार्यान्वयन

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको महालेखापरीक्षकमा २०७४।२।८ मा नियुक्ति भए पश्चात् संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभाकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायत विषय समावेश गरी ६ वर्षे कार्ययोजनालाई कार्यानव्यनमा रहेको छ । उक्त कार्ययोजना कार्यान्वयनको मूल्याङ्कन गर्दा संगठन र व्यवस्थापन सर्वेक्षण भएको, लेखापरीक्षण ऐन, २०७५ जारी भएको, लेखापरीक्षण प्रक्रिया, विधिमा सुधार भएको, लेखापरीक्षण पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन कार्य शुरु भएको, भवन निर्माण कार्य भइरहेको लगायतका कार्यमा भएको प्रगति सन्तोषजनक देखिएको छ ।

८. संस्थागत सुदृढीकरण

विश्व बैङ्कको सहयोगमा सञ्चालित एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (PEFA) अन्तर्गतको कम्पोनेन्ट २ महालेखापरीक्षकको कार्यालयले कार्यान्वयन गरिरहेको छ । यस कार्यालयका लागि स्वीकृत रु.४० करोडमध्ये २०७७ आषाढसम्ममा रु.७ करोड २७ लाख ८९ हजार अर्थात् १८.२० प्रतिशत खर्च भइसकेको छ । आयोजनाको अवधि २०७७।७८ सम्म रहेको छ । आर्थिक वर्ष २०७७।७८ का लागि रु.२४ करोड ८७ लाख ८८ हजार बजेट विनियोजन भएको छ । आयोजनाको हालसम्मको मुख्य प्रगति निम्न रहेको छः

- आयोजनाको परामर्शदाता Ernst and Young LLP सँग २९ अगष्ट २०१९ मा सम्झौता भएकोमा सम्झौता रकम अमेरिकी डलर १५,८३,२४३.०० को ५० प्रतिशत भुक्तानी भइसकेको छ ।
- परामर्शदाताले १४ नोभेम्बर २०१९ मा Inception Report (प्रारम्भिक प्रतिवेदन) पेस गरिसकेको छ ।
- परामर्शदाताबाट Public Audit Restructuring Framework, Risk Based Audit Framework, Completion Report on Developed NAMS, Code of Ethics, Financial Audit Manual, Compliance Audit Manual, Performance Audit Manual, Citizen Participatory Audit Manual, IT Policy, IT Excellence Centre, IT Sectoral Audit Guide को मस्यौदा पेस गरिसकेको छ । कार्यालयको तर्फबाट ती मस्यौदमा सुझाव दिने कार्य भइरहेको छ ।
- आयोजनाअन्तर्गत विश्व बैङ्कसँग भएका छलफलसमेतका आधारमा वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी, लेखापरीक्षण प्रक्रियामा नागरिक समाज परिचालन, लेखापरीक्षणको प्रभावकारी अनुगमनसम्बन्धी कार्य भइरहेका छन् ।
- सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) ले जारी गरेका लेखापरीक्षण मानदण्ड (FIPP) को आधारमा नेपाल सरकारी लेखापरीक्षणमान (Nepal Government Auditing Standards - NGAS) जारी गरी लागू गरिएको छ ।
- विद्यमान कोभिड-१९ को कारणले आयोजनाअन्तर्गत कर्मचारीको क्षमता विकाससम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यतालिकाबमोजिम हुन सकेको छैन ।

९. आय—व्ययको स्थिति

९.१ **विनियोजनः** यस कार्यालयको २०७६।७७ को विनियोजन (चालु, पुँजीगत र अर्थ बजेट) तर्फको आर्थिक कारोबार देहायअनुसार रहेको छः

विनियोजन



- ब.उ.शी.नं. २०८०००१३ (माननीय महालेखापरीक्षकज्यूको प्रशासनिक खर्च) तर्फ यो वर्ष रु.२४ लाख बजेट व्यवस्था भएकोमा रु.२० लाख ५१ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ६ मा छ ।
- ब.उ.शी.नं. २०८००११३ (प्रशासनिक खर्च चालु) तर्फ यो वर्ष रु.४४ करोड ४८ लाख ८४ हजार बजेट व्यवस्था भएकोमा रु.४१ करोड १५ लाख ६६ हजार `खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ७ मा छ ।
- ब.उ.शी.नं. २०८००११४ (प्रशासनिक खर्च पुँजीगत) तर्फ यो वर्ष रु.९ करोड ४२ लाख बजेट व्यवस्था भएकोमा रु.४५ लाख १६ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ८ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१३ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा चालु) तर्फ यो वर्ष रु.१० करोड ५७ लाख ११ हजार बजेट व्यवस्था भएकोमा रु.५ करोड ३८ लाख ५ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ९ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा पुँजीगत) तर्फ यो वर्ष रु.१ करोड ४० लाख बजेट व्यवस्था भएकोमा रु.१ करोड १३ लाख ५८ हजार खर्च भएको छ। यससम्बन्धी विवरण तालिका १० मा छ ।
- अर्थ बजेटतर्फ सञ्चित बिदाबापत रु.२ करोड २१ लाख ७७ हजार र औषधि उपचारबापत रु.१ करोड ९९ लाख ४८ हजारसमेत कुल रु.४ करोड २१ लाख २५ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ११ मा समावेश छ ।

९.२ **राजस्वः** यस वर्ष अन्य बिक्रीबाट प्राप्त, अन्य प्रशासनिक सेवा शुल्क, अन्य राजस्व र बेरुजू समेत जम्मा ४ वटा शीर्षकमा रु.३ लाख ८ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ । राजस्वको आर्थिक विवरण तालिका १२ मा छ ।

९.३ **धरौटीः** गत आर्थिक वर्षसम्मको जिम्मेवारी रु.२७ लाख २३ हजारमा यस आर्थिक वर्ष रु.१० लाख ९ हजार प्राप्त भई रु.३७ लाख ३२ हजार आम्दानी भएकोमा रु.१२ लाख १४ हजार फिर्ता भई रु.२५ लाख १८ हजार बाँकी रहेकोमा एकल खाता कोष निर्देशिकाअनुरुप उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौं पठाइएको छ । धरौटीको आर्थिक विवरण तालिका १३ मा छ ।

९.४ **लेखापरीक्षण र बेरुजू फछ्यौंटः** यस कार्यालयको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

१०. कार्यालय भवन निर्माण

महालेखापरीक्षकको कार्यालयको भवन निर्माणको कार्य संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयबाट हुँदै आएको छ । मिति २०७३।४।३१ मा निर्माण व्यवसायी लुम्बिनी/गौरी पार्वती/शान्ति जे.भी. सँग सम्झौता भई सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट मिति २०७४।८।१८ गते शिलान्यास भएको उक्त भवनको आर्थिक वर्ष २०७६।७७ सम्मको भौतिक तथा वित्तीय प्रगति विवरण देहायअनुसार रहेको छः

क्र.सं.	विवरण	शुरु रकम	संशोधित रकम
१.	लागत अनुमान (मू.अ.कर बाहेक)	६९२०९४५५०	७३५९३८३०२
२.	सम्झौता रकम (मू.अ.कर बाहेक)	५४२२२८०९२	५७८०५४६११
३.	हालसम्मको खर्च रकम (मू.अ.कर बाहेक)	३९२१३१९७९	३९२१३१९७९

उक्त भवन निर्माणको हालसम्म भौतिक प्रगति ७० प्रतिशत र वित्तीय प्रगति ६७.८४ प्रतिशत रहेको छ ।

११. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

लेखापरीक्षण आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण मानदण्ड, अचारसंहिता जारी गरिएको छ भने क्षेत्रगत मार्गदर्शन स्वीकृत गरी कार्यान्वयन गरिएको छ । त्यस्तै लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तता पुनरावलोकनका कार्यक्रम सञ्चालन गरिएका छन् । यससम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासकालागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमता समेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्धतिको अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्बन गरिएको छ ।
- नियमनकारी निकायहरुको लेखापरीक्षणमा विशेष ध्यान दिँदै पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरुको लेखापरीक्षणकालागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरुसँग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीका लागि निर्देशन दिइएको छ ।
- कार्यमूलक लेखापरीक्षणकालागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षण कार्यको समग्र अनुगमनका लागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना र परिचालन गरिएको छ ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरिवेक्षणका अलवा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरीवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरु उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरु छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा विस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको छ ।
- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा अन्तर्राष्ट्रिय विज्ञहरुको समेत संलग्नता गराइएको छ ।

१२. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

वैदेशिक तालिम, अध्ययन र अवलोकनः

आर्थिक वर्ष २०७६।७७ मा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट देहायअनुसारका वैदेशिक महाधिवेशन तथा सम्मेलनमा सहभागिता जनाउनुभएको छः

सि.न.	मुलुक/संस्था	मिति	कार्यक्रम	अनुभवको उद्देश्य	अवधि (दिन)	सहभागी संख्या
१	संयुक्त राष्ट्र संघको मुख्यालय न्युयोर्क/अमेरिका	२२-२३ जुलाई २०१९	United Nations Department of Social and Economic Affairs (UNDESA) / INTOSAI Development Initiative (IDI)	"परिवर्तनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरु र दिगो विकास लक्ष्य कार्यान्वयन सम्बन्धी लेखापरीक्षण (Supremen Audit Institutions making a difference: Auditing the implementation of Sustainable Development Goals)"	२	३
२	मस्को/रसिया	२३-२७ नोभेम्बर, २०१९	International Congress of Supreme Audit Institutions (INCOSAI)	इन्टोसाईको महाधिवेशनमा भाग लिनु	५	३

२०७६।७७ मा महालेखापरीक्षकको कार्यालयबाट विभिन्न मुलुकमा आयोजना भएको देहायअनुसारका तालिम, अध्ययन, अवलोकन, कार्यशालामा सहभागिता भएको छ ।

सि.नं	मुलुक/संस्था	मिति	कार्यक्रम	अवधि (दिन)	सहभागी संख्या
१	भियतनाम, थाइल्याण्ड र लाओस	३० जुन-७ जुलाई २०१९	Essentials on REDD Implementation in South East Asia	८	१
२	कुवेत	२३-२४ जुलाई २०१९	एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई गभर्निङ्ग बोर्डको ५४औं बैठक	२	२
३	थाइल्याण्ड	६-९ अगष्ट २०१९	INTOSAI WGEA (Working Group on Environmental Auditing)	४	२
४	चीन	२-५ सेप्टेम्बर २०१९	"Quality Evaluation for Better Results : Local, National, Regional Perspectives"	४	१
५	चीन	३-१६ सेप्टेम्बर २०१९	"Seminar for Auditory Organization Officials of Nepal"	१४	१५
६	इन्डोनेसिया	१६-२० सेप्टेम्बर २०१९	"6th INTOSAI International Training On Forestry Audit"	५	१
७	थाइल्याण्ड	३० सेप्टेम्बर-४ अक्टोबर २०१९	"SAI Fighting corruption, code of ethics-ISSAI 30"	५	३
८	फिलिपिन्स	९-१० अक्टोबर २०१९	International Public Sector Accounting Standard Board (IPSASB) Roundtable and Capacity Building Forum	२	१
९	संयुक्त अरब इमिरेट्स	२२-२३ अक्टोबर २०१९	"Asian Organization of Supreme Audit Institutions (ASOSAI) Audit on Implementation of SDGs: Leveraging Digital or Big Data to Achieve SDGs"	३	१
१०	इजिप्ट	२२-२४ अक्टोबर २०१९	National Evaluation Capacities Conference	५	१
११	चीन	२९-३१ अक्टोबर २०१९	Poverty Allivaton	३	१
१२	बंगलादेश	५-६ नोभेम्बर २०१९	Regional Financial Management Forum	२	१
१३	चीन	७-८ नोभेम्बर २०१९	"The Belt and Road" National Accounting Standards Cooperation Forum	२	१
१४	चीन	५-१८ डिसेम्बर २०१९	Seminar on Government Financial Record and Audit System for Nepal	१५	५

१३. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता

२०७६।७७ मा महालेखापरीक्षकको कार्यालयबाट देहायअनुसारका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता भएको छः

सि.नं	आयोजकको नाम	कार्यक्रम	अवधि(दिन)	सहभागी संख्या
१	एसियाली बिकास बैङ्क	नतिजामुखी परियेजना निर्माण तथा अनुगमन कार्यशाला	२	२
२	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	प्रशिक्षक प्रशिक्षण	८	२
३	महालेखा नियन्त्रक कार्यालय	आन्तरिक लेखापरीक्षण प्रभावकारिता अभिबृध्दि	१	५
४	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी सेवाकालीन तालिम	३०	३
५	विश्व बैक	PEFA Training Event	२	२
६	युनिसेफ नेपाल	युनिसेफको सहयोगमा सञ्चालित स्वास्थ्यसम्बन्धी परियोजनाको लेखापरीक्षणबारे अन्तर्क्रिया कार्यक्रम	१	६
७	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी सेवाकालीन तालिम	३०	४
८	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	Professional Course on Management & Development	३०	१
९	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था	Professional Integrity for Combating Corruption & Fraud नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था	६	१
१०	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	Professional Course on Management and Development	३०	२
११	महालेखा नियन्त्रक कार्यालय	स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) सम्बन्धी	२	१
१२	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	सेवाकालीन तालिम	३०	८
१३	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	IMF Seminar on Strengthening Fiscal Federalism in Nepal	३	२
१४	राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग	प्रदेश तथा स्थानीय तहहरुको प्रशासनिक खर्चका विविध पक्षहरु	१	१
१५	Centre for International Studies and Cooperation	Discussion on 'Citizen-State Engagement in Federal Governance	१	१

१४. बाह्य सरोकार पक्षसँगको सम्बन्ध

१४.१ **राय परामर्शः** यो वर्ष ३३ संगठित संस्थाहरुले ४३ आर्थिक वर्षको लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक नियुक्ति गर्न महालेखापरीक्षकको परामर्श माग गरेकोमा परामर्श प्रदान गरिएको छ ।

१४.२ **प्रतिनिधित्वः** विभिन्न निकायहरुमा यस कार्यालयबाट हाल देहायबमोजिम कर्मचारीहरुले प्रतिनिधित्व गर्नुभएको छः

क्र.सं.	निकाय	समिति	प्रतिनिधित्व गर्ने कर्मचारी	निर्णय मिति
१.	नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था	अनुशासन समिति	नायव महालेखापरीक्षक श्री त्रिलोचन आचार्य	२०७५/५/१
		गुणस्तर आश्वस्तता बोर्ड	नायव महालेखापरीक्षक श्री विन्दु विष्ट	२०७५/५/१
		नेप्सास कमिटी	नायव महालेखापरीक्षक श्री बैकुण्ठबहादुर अधिकारी	२०७५/५/१
		आचरण समिति	नायव महालेखापरीक्षक श्री पदमराज पौडेल	२०७६/६/१६
		पार्षद	नायव महालेखापरीक्षक श्री बामदेव शर्मा	२०७६/६/१६
		लेखापरीक्षणमान बोर्ड	नायव महालेखापरीक्षक श्री विवेकानन्द घिमिरे	२०७७/३/२५
		लेखामान बोर्ड	नायव महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारी	२०७७/३/२५
२.	सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना	निर्देशक समिति	उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल	२०७६/४/१
		कार्य समिति	नायव महालेखापरीक्षक श्री घनश्याम पराजुली	२०७६/११/१५

१४.३ **सूचना सम्प्रेषणः** कार्यालयको काम कारबाहीसम्बन्धी सूचनाहरु उपलब्ध गराउन प्रवक्ता र सहायक प्रवक्ता, सूचना अधिकारी र सहायक सूचना अधिकारीको व्यवस्था गरिएको छ । साथै सूचना विभागबाट सञ्चालन हुने प्रवक्ता र पत्रकार भेट (Meet the press) कार्यक्रममा कार्यालयको तर्फबाट नियमित रुपमा सहभागी भई सूचना प्रवाह गर्ने गरिएको छ ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस भएपछि सरोकारपक्षबाट माग भएबमोजिमको लेखापरीक्षण प्रतिवेदन ऐनले तोकेको म्यादभित्र उपलब्ध गराउने गरिएको छ ।

१४.४ **गुनासो सुनुवाइः** कार्यालयमा गुनासो सुन्ने अधिकृत (नोडल अधिकृत) तोकी कर्मचारीको सेवा सुविधासँग सम्बन्धित आन्तरिक र सरोकारपक्षबाट प्राप्त लिखित गुनासो सुनुवाइको व्यवस्था गरिएको छ ।

१४.५ **नोटिस बोर्डः** कार्यालयबाट प्रकाशित सूचनाको जानकारी प्रदान गर्न Audio Notice Board Service १६१८०१४२५३२७० बाट सूचना प्राप्त गर्न सकिने व्यवस्थालाई निरन्तरता दिइएको छ ।

१५. लेखापरीक्षण नतिजा

१५.१ **नतिजा सम्प्रेषणः** इन्टोसाई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरुलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षभरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कर्तव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।

चित्र नं. २



१५.२ **लेखापरीक्षण नतिजा सार्वजनिकः** महालेखापरीक्षकले आफूले गरेका कामको वार्षिक प्रतिवेदन पेस गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुसार यो वर्ष संघीय मन्त्रालय तथा निकाय ३ हजार ११०, प्रदेश मन्त्रालय तथा निकाय ९९८, स्थानीय तह ७४७, संगठित संस्था ९३ र समिति ६५४ तथा ११ विषयको कार्यमूलक, ३ सूचना प्रविधि, २ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षणसमेत ५ हजार ६१९ निकायको लेखापरीक्षण सम्पन्न गरी २०७७ असार ३१ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको सन्ताउन्नौं वार्षिक प्रतिवेदन पेस गरिएको छ भने प्रदेश सरकारको लेखापरीक्षण वार्षिक प्रतिवेदन सोही दिन सातै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष डिजिटल रुपमा पेस गरिएको थियो । उक्त वार्षिक प्रतिवेदन यस कार्यालयको वेभसाइट www.oagnep.gov.np मा राखिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रु, करोडमा)
(क) वित्तीय लेखापरीक्षण		
१. संघीय मन्त्रालय तथा निकाय	३११०	१७४२८७
२. प्रदेश मन्त्रालय तथा निकाय	९९८	१८९२५
३. स्थानीय तह (बक्यौता ४ समेत)	७४७	७४०६५
४. जिल्ला समन्वय समिति	७७	१३१७
५. समिति र अन्य संस्था	५७७	१३०६२
६. संगठित संस्था	९३	२३५५०८
(ख) कार्यमूलक लेखापरीक्षण	११	-
(ग) वातावरणीय लेखापरीक्षण	२	-
(घ) विशेष लेखापरीक्षण	१	-
(ङ) सूचना प्रविधि लेखापरीक्षण	३	-
जम्मा	**५६१९**	**५१७१६४**

१६. वित्तीय तथा परिपालना लेखापरीक्षण

यो वर्ष ३ हजार ११० संघीय मन्त्रालय तथा निकायको रु.१७ खर्ब ४२ अर्ब ८७ करोड र प्रदेश मन्त्रालय तथा निकाय ९९८ को १ खर्ब ८९ अर्ब २५ करोड, स्थानीय तह ७५३ मध्ये ७४३ र गत वर्षको बक्यौता ४ समेत ७४७ को रु.७ खर्ब ४० अर्ब ६५ करोड, जिल्ला समन्वय समिति ७७ को रु.१३ अर्ब १७ करोड, विश्वविद्यालय, समिति, संस्था प्रतिष्ठानसमेत ५७७ को रु.१ खर्ब ३० अर्ब ६२ करोड र संगठित संस्था ९३ को रु.२३ खर्ब ५५ अर्ब ८ करोडसमेत रु५१ खर्व ७१ अर्ब ६४ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ ।



१६.१ **कारबाही टुङ्गो लगाउनुपर्ने रकमः** संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक

रकम रु.२ खर्ब ४६ अर्ब १२ करोड रहेको छ । उक्त रकम गतवर्ष भन्दा १९.६२ प्रतिशत घटेको छ ।

(रु. लाखमा)

क्र.स.	विवरण	गत वर्षसम्म	यस वर्ष थप घट	अद्यावधिक रकम
१	लेखापरीक्षण बक्यौता (प्रदेश समेत)	३४०२१	१३३९१	४७४१२
२	राजस्व बक्यौता	२५२१३०१	-५४२८९०	१९७८४११
३	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०७६२६	-५८४५८	१४९१६८
४	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२७८३६०	१२६७१	२६५६८९
५	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५००	०	२०५००
	जम्मा	**३०६१८०८**	**-६००६२८**	**२४६११८०**

उक्त रकममा अद्यावधिक बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोड थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.६ खर्ब ६४ अर्ब ४४ करोड पुगेको छ । गतवर्ष यस्तो रकम रु.६ खर्ब ८३ अर्ब ६६ करोड रहेको थियो । गत वर्षको तुलनामा कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम २.८१ प्रतिशतले घटेको छ । कारबाही टुङ्गो लगाउनुपर्ने रकम घट्नुमा प्रमुखरुपले सरकारी निकायले बेरुजू फछ्यौंटमा तदारुकता देखाएको, सार्वजनिक संस्थानहरुले भाखा नाघेको ब्याज तथा साँवा चुक्ता गर्नु, शोधभर्ना लिनुपर्ने रकम बढी प्राप्त हुनु र कतिपय करदाताको अदालतको फैसलाको कारण बक्यौता कट्टी गर्नु परेको लगायतका कारणहरु रहेका छन् ।

१६.२ **बेरुजू वर्गीकरणः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रुपमा परिभाषित गरिएको छ ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानि र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ ।

यो वर्ष संघीय र प्रदेश, सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थातर्फ लेखापरीक्षणबाट देहायअनुसार रु. १ खर्ब ३२ अर्ब ९९ करोड बेरुजू औंल्याइएको छ । बेरुजू वर्गीकरण अङ्क निम्नानुसार रहेको छः

(रु. लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था र जिल्ला समन्वय समिति	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**१७४०६८**	**३८०२**	**५२५८७**	**१२८२७**	**२४३२८४**	**१८.२९**
२. नियमित गर्नुपर्ने	**२०३९०५**	**३८७७५**	**२४८११३**	**१३०९२०**	**६२१७१३**	**४६.७५**
२।१ अनियमित भएको	३७६३७	१२१७८	९८२४२	२४९७३	१७३०३०	१३.०१
२।२ प्रमाण कागज पेश नभएको	१६४७९८	२६५९७	१४९४६०	१०५५९७	४४६४५२	३३.५७
२।३ जिम्मेवारी नसारेको	-	-	२९८	३३८	६३६	०.०५
२।४ शोधभर्ना नलिएको	१४७०	-	११३	१२	१५९५	०.१२
३. पेस्की	**३३२६३४**	**३९४०७**	**८०५७९**	**१२३४२**	**४६४९३२**	**३४.९६**
३।१ कर्मचारी पेस्की	७६०	१६९९	१५४०५	४८०	१८३४४	१.३८
३।२ मोविलाइजेसन पेस्की	१८०८२०	३३२५१	-	-	२१४०७१	१६.१०
३।३ प्रतीतपत्र पेस्की	१०५७६१	४९९	-	-	१०६२६०	७.९९
३।४ अन्य पेस्की	४५२९३	३९५८	६५१७८	११८६२	१२६२८७	९.५०
जम्मा बेरुजू	**७१०६०७**	**८१९८४**	**३८१२७९**	**१५६०८९**	**१३२९९५९**	**१००.००**

द्रष्टव्यः *संगठित संस्थाहरुको बेरुजूको लगत राखे एवं सम्परीक्षण कार्य सम्बन्धित निकायबाट हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

यो वर्ष संघीय र प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.५१ खर्ब ७१ अर्ब ६४ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.१ खर्ब ५२ अर्ब २७ करोड बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१९ अर्ब २६ करोड ९० लाख (कुल बेरुजूको १३.७७ प्रतिशत) सम्परीक्षण गराएबाट रु.१ खर्ब ३३ अर्बको बेरुजू फछर्यौंट हुन बाँकी रहेको छ । यो वर्षसम्म फछर्यौंट गर्न बाँकी कुल बेरुजू रु.४ खर्ब १८ अर्ब ३२ करोडको छ ।

१६.३ **मन्त्रालयगत बेरुजूः** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	अर्थ	१०५११०५९	१२४४८८	६४८९५	१२८५	१९०६६८	२६.८३	१.८१
२	भौतिक पुर्वाधार तथा यातायात	११७८८८६	१०५८६	२०८८५	११५५०१	१४६९७२	२०.६८	१२.४७
३	रक्षा	७०२९३७	४	३४	९०९९२	९१०३०	१२.८१	१२.९५
४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९४१६४५	२६४	५७१०	४३०५२	४९०२६	६.९०	५.२१
५	खानेपानी	१७७७६८	१०८१३	२१६२७	१०३८७	४२८२७	६.०३	२४.०९
६	शहरी विकास	२८२५०९	१५५५	८०९९	२३७८८	३३४४२	४.७१	११.८४
७	शिक्षा, विज्ञान तथा प्रविधि	३०१७४२	९४	२९०००	४३७	२९५३१	४.१६	९.७९
८	भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण	४१५४५१	२३७४	२३६७०	३५४	२६३९८	३.७१	६.३५
९	ऊर्जा, जलश्रोत तथा सिञ्चाइ	६४५१९४	२१७६	८५२५	१०७३४	२१४३५	३.०२	३.३२
१०	सञ्चार तथा सूचना प्रविधि	१७७७७३	१२९०१	४९३	४२४	१३८१८	१.९४	७.७७
११	अन्य मन्त्रालय	२०९३७०७	८८१३	२०९६७	३५६८०	६५४६०	९.२१	३.१३
	जम्मा	**१७४२८६७१**	**१७४०६८**	**२०३९०५**	**३३२६३४**	**७१०६०७**	**१००**	**४.०८**

उल्लिखित एघार मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ९०.७९ प्रतिशत रहेको छ ।

- यो वर्ष ३ हजार ११०संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ७४३ कार्यालय (५६.२१ प्रतिशत) मा लगती बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ ९९८ को लेखापरीक्षण गरेकोमा ३४८ कार्यालय (३४.८७ प्रतिशत) मा र स्थानीय तह १ मा लगति बेरुजू देखिएन ।
- यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.१७ अर्ब ४० करोड ६८ लाखमध्ये १० मन्त्रालय/निकायको रु.१७ अर्ब १२ करोड ७७ लाख (९८.४ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.२७ करोड ९१ लाख (१.६० प्रतिशत) देखिएको छ । संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, जिल्ला समन्वय समिति, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.२४ अर्ब ३२ करोड ८४ लाखमध्ये संघीय सरकारी कार्यालयतर्फका २९ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.६ करोड ८६ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १९ निकायअन्तर्गतका कार्यालयले रु.३१ करोड ४५ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा २० निकाय मातहतका कार्यालयले रु.५ अर्ब २४ करोड ४३ लाख, अन्य निकायबाट असुल भएको रु.९ करोड २३ लाख, प्रदेश सरकारतर्फ असुल भएको रु.६ करोड ४६ लाख र स्थानीय तहतर्फको रु.२ अर्ब ७ करोड ६८ लाखसमेत रु.७ अर्ब ४७ करोड ८० लाख असुल भएको छ ।
- संघीय सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.१ खर्ब ३ अर्ब ३३ करोड ९२ लाख बाँकी रहेकोमध्ये रु.३५ अर्ब ९५ करोड ३६लाख (३४.७९ प्रतिशत) फछर्यौंट भई रु.६७ अर्ब ३८ करोड

५६ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रु.३३ अर्ब २६ करोड ३४ लाखसमेत कुल पेस्की रु.१ खर्ब ६४करोड ९० लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.१ अर्ब २८ करोड ८५लाख (१.२८ प्रतिशत), मोबिलाइजेसन रु. ४७ अर्ब ८२ करोड ३ लाख (४७.५१ प्रतिशत), प्रतीतपत्र रु. १८ अर्ब १० करोड २६ लाख (१७.९३ प्रतिशत) र अन्य पेस्की रु. ३३ अर्ब ४३ करोड ७७ लाख (३३.३२ प्रतिशत) रहेको छ । त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रु.१ अर्ब २३ करोड ४२ लाख पेस्की बाँकी देखिएको छ । सोमध्ये कर्मचारी रु ४ करोड ८० लाख (३.८९ प्रतिशत) र अन्य पेस्की रु. १ अर्ब १८ करोड ६२ लाख (९६.११ प्रतिशत) रहेको छ ।

१६.४ **तुलनात्मक बेरुजू स्थितिः** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. करोडमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
पचपन्नौं	१७,५२,९२	९४,८१	५.४१
छपन्नौं	२०,०८,८४	१,०६,३४	५.२९
सनताउन्नौ	१७,५६,०४	७१,०६	४.०५

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू गत वर्ष ५.२९ प्रतिशत रहेकोमा यो वर्ष ४.०५ प्रतिशत रहेको छ ।

१६.५ **बेरुजू फछ्यौंटः** यो वर्ष बेरुजू फछ्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

निकाय/विवरण	संघीय सरकारी कार्यालय	संगठित संस्था, समित, अन्य संस्था	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	जम्मा
विगतको बेरुजू	२८६००१३	५५२८७७	१९५१	३५९९२४	३७७४७६५
समायोजनाबाट थप (घट)	०	-३००	०	-३५९	-६५९
फछ्यौंट तथा सम्परीक्षण	८३४८२९	४३३१८	९	४२७३५	९२०८९१
बाँकी	०२५१८४	५०९२५८	१९४२	३१६८३०	२८५३२१४
चालु वर्ष लेखापरीक्षण बेरुजू	१०६०७	१५६०८९	८१९८४	३८१२७९	१३२९९५९
अद्यावधिक बाँकी बेरुजू	२७३५७९१	६६५३४७	८३९२६	६९८१०९	४१८३१७३

यो वर्ष फछ्यौंट तथा सम्परीक्षण भएको संघीय सरकारी कार्यालयको रु.८३ अर्ब ४८ करोड २९ लाखमध्ये खानेपानी, शहरी विकास, सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्परीक्षण भएको बेरुजू रु.२७ अर्ब ७० करोड ३९ लाख रहेको छ । उक्त बेरुजू सम्परीक्षणको ७८.६५ प्रतिशत हिस्सा अर्थात् रु.२१ अर्ब ७९ करोड ७ लाख मोबिलाइजेसन पेस्की रहेको छ । त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वतः फछ्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फछ्यौंट गर्न सम्बन्धित निकायहरुले पर्याप्त ध्यान नदिने विगतको प्रवृतिमा सुधार भएको पाइएन । मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९।६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भएकोमध्ये रु.८ करोड ५४ लाख फछ्यौंट भएको छ ।

१६.६ **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको

कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।

१७. कार्यमूलक तथा विशेष लेखापरीक्षण

वित्तीय लेखापरिक्षणको अतिरिक्त यो वर्ष सरकारी अनुदाना निजी आवास निर्माण तथा उपयोग, कर निर्धारण र असुलीको अवस्था, विद्युत प्रशारण लाइन निर्माण र सञ्चालन, खेलकुद पूर्वाधारको अवस्था, सामिजक सुरक्षा कार्यक्रमको अवस्था, स्थानीय तह संचालन तथा व्यवस्थापन, स्वास्थ्य सेवाको नियमनलगायत ११ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ भने काठमाडौं उपत्यकाको पर्यावरणीय अवस्थाको मूल्याङ्कन र वाग्मती नदी सफाई र सौन्दर्यीकरणको वातावरणीय लेखापरीक्षण, (राष्ट्रीय योजना आयोग) आयोजना व्यस्थापन विषयको विशेष लेखापरीक्षण र एकीकृत कर प्रणाली (आन्तरिक राजस्व विभाग), विद्युतीय सवारीचालक अनुमतिपत्र (यातायनत व्यवस्था विभाग) र सेवा प्रवाहसँग सम्बन्धित सूचना तथा सञ्चार प्रणाली (कम्पनी रजिष्ट्रारको कार्यालय) विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

१८. भावी कार्यदिशा

वित्तीय प्रशासनका विद्यमान अवस्थाका सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्दै महालेखापरीक्षकको काम, कर्तव्य र जिम्मेवारीलाई प्रभावकारी बनाउन, अन्तर्राष्ट्रिय क्षेत्रमा लेखापरीक्षणको पद्धतिमा आएका नवीनतम अवधारणा, मुलुकको राजनैतिक, सामाजिक र आर्थिक परिवेशमा आएको परिवर्तन तथा नेपालको संविधानअनुसार थप भएको प्रदेश तथा स्थानीय तहको लेखापरीक्षणको बढ्दो क्षेत्राधिकार समेतलाई मध्यनजर राखी विगतका रणनीतिक योजना, कार्ययोजना र प्रतिवेदनहरुसमेतको आधार लिई महालेखापरीक्षकको कार्ययोजना (२०७४–२०८०) सार्वजनिक गरिएको छ । उक्त कार्ययोजनामा संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रमभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायतका कार्यक्रमहरु राखिएको छ । सार्वजनिक निकायहरुमा जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि हुने, पारदर्शिता प्रवर्धन हुने, सरकारी कोषको दुरुपयोग नियन्त्रण भई मुद्राको सार्थकता सुनिश्चित हुने, मुलुकको शासकीय व्यवस्थामा अनियमितता र खराब प्रवृत्तिसँग जुध्न सक्ने प्रतिरोधात्मक क्षमता वृद्धि भई सुशासनका सूचकहरुमा सुधार आउने, आर्थिक अनुशासन कायम भई अनियमितता र बेरुजू न्यूनीकरण हुने, वित्तीय व्यवस्थापनका बारेमा आम नागरिकमा सचेतना बढ्ने, महालेखापरीक्षकको कार्यलयबाट सम्पादित लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता वृद्धि भई सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता र अन्तर्राष्ट्रिय साख अभिवृद्धि गर्न मद्दत पुग्ने अपेक्षाका साथ कार्ययोजना ल्याइएको छ ।

१९. सुधारका क्षेत्रहरु

वित्तीय जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताका माध्यमबाट वित्तीय अनुशासन कायम भई समग्र वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । यसका लागि बजेट तर्जुमा, निकासा, खर्च प्रणाली, प्रतिवेदन, लेखापरीक्षण एवं अनुगमन र मूल्याङ्कन पक्षमा निरन्तर सुधारको आवश्यकता रहन्छ । संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा तथा लेखापरीक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको प्रयोग, सूचना प्रविधिको उपयोग, अभिलेख तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा भविष्यमा गर्नुपर्ने सुधारका विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

१९.१ **बजेट अनुशासनः** बजेट अनुशासन कायम गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- बजेट तर्जुमा प्रक्रियामा पारदर्शिता प्रवर्द्धन गर्न सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफल नतिजामूलक बनाउनुपर्दछ । बजेट तर्जुमा, मध्यावधि समीक्षा तथा बजेट कार्यान्वयन सम्बन्धी पृष्ठपोषणलाई अगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ ।
- सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, ड्रइङ डिजाइन भइसकेका प्राथमिकता प्राप्त आयोजनालाई तोकिएको समयमा सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्दछ ।
- वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाको लागि सहायता प्राप्तिको सुनिश्चितता भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।
- दिगो विकास लक्ष्यका सूचकाङ्कका आधारमा बजेटको विश्लेषण गर्नुपर्दछ । दिगो विकास लक्ष्य अनुसारको संकेत राखी बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्दछ ।
- मध्यमकालीन खर्च संरचनाको दृष्टिकोणबाट वार्षिक बजेट बनाई आवधिक योजना, बजेट र कार्यक्रमबीच तालमेल कायम गर्न धारभूत खर्च एवं लाइन आईटमको लेखाजोखा, कार्यसम्पादनमा आधारित बजेट प्रणाली अवलम्बन गरी बजेट तयार गर्ने व्यवस्था गरिनुपर्दछ।
- राष्ट्रिय बजेट प्रणाली बाहिर रहने गरी विभिन्न कोष खडा गरी संसदीय निगरानी बेगर खर्च गर्ने कार्यलाई निरुत्साहित गरी बजेट प्रणालीबाट नै खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।
- बजेटमा समावेश नभएका सेवा र कार्यमा बजेट पारित भएपश्चात गैरबजेटरी रकम उपलव्ध गराउने तथा अबण्डामा बजेट राखी पछि बाँडफाँड गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । शीर्षक तोकेर सीमा नलाग्ने व्यवस्था राख्रे परिपाटी नियन्त्रण गरिनुपर्दछ ।

१९.२ **वैदेशिक सहायता:** अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ अनुसार वैदेशिक सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

- मागमा आधारित दृष्टिकोण र राष्ट्रिय प्राथमिकताका आधारमा विकास आयोजनाको सञ्चालन र व्यवस्थापनमा ध्यान दिनुपर्दछ । उत्पादन र उत्पादकत्व वृद्धि, भौतिक र मानवीय पुँजी निर्माण तथा दिगोपनालाई आधार बनाई मुलुकलाई क्रमशः आत्मनिर्भर बनाउन योगदान गर्ने राष्ट्रिय परियोजना बैङ्कमा समावेश आयोजनाहरुमा विदेशी सहायता लिनुपर्दछ।
- सहायता व्यवस्थापन सूचना प्रणालीको पूर्ण उपयोग गर्दै गुणस्तरीय तथ्याङ्कको निर्माण र उपयोगमा ध्यान दिनुपर्दछ ।
- विकास साझेदारबाट हुने सहायताको प्रतिवद्धता र कार्यान्वयन व्यवस्थाकाबीच ठूलो अन्तर देखिएकाले प्रतिबद्धताअनुसार विकास सहायता प्राप्त गर्न क्रियाशील हुनुपर्दछ ।
- विकास साझेदारबाट परियोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापनमा अनावश्यक शर्त राख्रे प्रवृत्तिमा सुधार गर्नुपर्दछ । आयोजना र कार्यक्रममा आधारित सहयोगभन्दा बजेट सहयोगमा प्राप्त हुने वैदेशिक सहयोगमा जोड दिनुपर्दछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुमार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन प्रभावकारी अनुगमन संयन्त्रको विकास गरी सरकारी संरचनामार्फत् परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।
- नेपालको विकास सहायता परिचालन क्षमता कमजोर भएका कारण विकास निर्माण तथा सेवा प्रवाह प्रभावकारी हुन नसकेकोले यसमा संलग्न पदाधिकारीको क्षमता विकास गरी स्रोत र साधनको अधिकतम परिचालन गर्नुपर्दछ ।
- वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनु परेको विद्यमान अवस्थामा सुधार हुनुपर्दछ । प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने गरी शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

१९.३ **राजस्व प्रशासनमा सुधारः** राजस्व असुली प्रत्येक वर्ष वृद्धि हुँदै गएको भए तापनि राजस्वको महत्वपूर्ण हिस्सा आयातबाट प्राप्त हुने राजस्वले ओगटेको छ । राजस्वका प्रमुख स्रोतहरु आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तःशुल्कलगायत गैरकर राजस्व सम्वन्धमा गर्नुपर्ने सुधारहरु देहायबमोजिम रहेका छन्ः

- आयात वृद्धिबाट वैदेशिक मुद्रा बाहिरिने र व्यापार घाटा वृद्धि हुने हुँदा राज्यले लिने आयात प्रतिस्थापनको नीतिसँगै आयातबाट प्राप्त राजस्वमा आउनसक्ने कमीबाट कुल राजस्वमा कमी हुन नदिन आन्तरिक राजस्वका क्षेत्रहरुमा बढी ध्यान दिनुपर्दछ ।
- कुल गार्हस्थ्य उत्पादनको गणनामा नवीनतम व्यवसाय, सूचना प्रविधि, शैक्षिक परामर्शलगायतका क्षेत्र नसमेटिएकोले कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क यथार्थपरक हुन नसकेको स्थितिमा राजस्व प्रक्षेपण यथार्थ नरहने अवस्था देखिएको छ । तसर्थ कुल गार्हस्थ्य उत्पादन निर्धारणको आधार पुनरावलोकन हुनुपर्दछ ।
- राजस्व प्रक्षेपण गर्दा विगतका राजस्व असुलीको आधारमा निश्चित बढोत्तरी गर्ने प्रक्रियामा सुधार गरी राजस्व प्रक्षेपणका आधारहरु वैज्ञानिक एवं वस्तुपरक बनाई यथार्थमा उठन सक्ने राजस्वको आङ्कलन गर्ने प्रणालीको विकास गरिनुपर्दछ ।
- करदाता र कर प्रशासन दुवै पक्षमा इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न राजस्व चुहावट गर्ने र कर कानुनको पालना नगर्नेलाई कारबाही गर्ने कार्य प्रभावकारी हुनुपर्दछ । बिल बीजक जारी नगर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न बजार अनुगमनमा क्रियाशीलता बढाई बीजक जारी नगर्नेलाई कारोबार स्थलमा नै विशेष जरिवाना गर्ने कार्य हुनुपर्दछ ।
- भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदानप्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ ।
- न्यून बीजकीकरण वा न्यून मूल्याङ्कन गर्ने विद्यमान अवस्थामा नियन्त्रण गर्न सबै नियमनकारी निकायबीच सूचना आदानप्रदान गरी प्राप्त सूचनालाई राजस्व रकम निर्धारण तथा अनुगमनमा प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- विशेष ऐन, नियम, आदेश वा ऋण अनुदान सहायता सम्झौताअन्तर्गत राजस्व छुट दिएकोमा तोकिएको शर्तअनुसार सदुपयोग भएको सुनिश्चित हुन प्रभावकारी अनुगमन गर्नुपर्दछ । यसरी छुट दिँदा राजस्वमा पर्न गएको प्रभाव सम्वन्धमा अध्ययन गरी पुनरावलोकन गर्नुपर्दछ ।
- आर्थिक ऐनको द्रष्टव्यलगायतबाट दिएको राजस्व छुटबाट गुमेको राजस्वको रकमगत प्रतिवेदन वार्षिक बजेटसँगै संसदमा पेस गर्ने अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण गर्नुपर्दछ ।
- कुल राजस्वमा गैरकर राजस्वको योगदान विगतको तुलनामा घटेको सन्दर्भमा गैरकर राजस्वलाई लागत प्रभावी बनाई सेवाप्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई मध्यनजर राखी यसका दरहरुलाई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ ।
- सरकारको नीतिगत व्यवस्थाअनुसार कर र गैरकर राजस्वका क्षेत्र तथा दरहरुको पुनरावलोकन, एकीकृत कर संहिता तर्जुमा तथा कार्यान्वयन, विगतदेखि प्रस्तावित केन्द्रीय राजस्व बोर्ड गठन गर्ने लगायत राजस्व प्रशासनको संगठन संरचना पुनरावलोकन गर्नुपर्दछ ।
- राजस्व चुहावटका जोखिम क्षेत्रहरुको पहिचान गरी जोखिम सूचकहरु परिमार्जन, राष्ट्रिय कराधारको संरक्षणको लागि उच्च कर नियोजन र करछली नियन्त्रण गर्न करदाता शिक्षा तथा कर चेतनाका कार्यक्रम सञ्चालित राजस्व सङ्कलनमा विद्युतीय भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।
- सामाजिक सञ्जाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाईन व्यवसायलगायत विद्युतीय कारोबारमा नेपालको कराधार संरक्षण गर्न नेपालबाट उत्पत्ति भएको कारोबारमा कर लिन कानुनी व्यवस्था मिलाई अन्तर्राष्ट्रियस्तरमा समन्वय गरी कार्यान्वयन गर्नुपर्दछ ।

- स्थायी संस्थापन, मूल्य हस्तान्तरण, ठेक्का वा करार, दोहोरो कर मुक्ति सम्झौता र कर मुक्तिको योजना लगायतका विषयमा थप स्पष्टता ल्याउने गरी निर्देशिका बनाई कर चुहावटको जोखिमलाई न्यूनीकरण गर्नुपर्दछ ।
- कर निर्धारण पश्चात् लामो समय बक्यौता रहँदा र विवाद सिर्जना भई मुद्दा मामिला हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । विवादलाई समयमा नै निरुपण गर्ने एवं विवाद सिर्जना हुने विषयहरुलाई कानुनी रुपमा स्पष्ट गर्ने र सबै कानुनी उपाय अवलम्बन गरी राजस्व बक्यौता असुली गर्नुपर्दछ । बक्यौता नतिर्नेहरुलाई पछिल्ला वर्षमा छुट सुविधा दिई कर परिपालना नगर्नेहरुलाई प्रश्रय दिने परिपाटीले इमान्दार करदाता निरुत्साहित हुने भएकाले यस्तो व्यवस्था उपर ध्यानाकर्षण हुन जरुरी छ।
- कर परीक्षण गरी संशोधित कर निर्धारण पश्चात् बिबाद हुने अवस्थाले कर परीक्षणको गुणस्तरमा असर परेको छ । कर परीक्षणको गुणस्तर अभिवृद्धि गर्न कर प्रशासनमा सेवा प्रवेशको योग्यतामा व्यवस्थापन, अर्थशास्त्र र लेखाजस्ता विषय अनिवार्य अध्ययन गरेको हुनुपर्ने व्यवस्था गरिनुपर्दछ । राजस्व प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आधारमा समकक्षी पुनरावलोकन हुने पद्धतिको अवलम्बन एवं अनुगमन गरी सही कर निर्धारण (Right Taxation) को अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- कर लेखापरीक्षकले न्यूनतम रुपमा भिडान गर्नुपर्ने, यकिन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने विषय नतोकेकोले लेखापरीक्षकद्वारा प्रमाणित लेखा सम्बन्धमा बेमेल भई संशोधित कर निर्धारण गर्नुपर्ने अवस्था रहेको छ। कानुनी रुपमा नै कर लेखापरीक्षकले न्युनतमरुपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी पेशागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ।
- आन्तरिक राजस्वको सूचना प्रविधि प्रणालीमा सुधार गरी आर्थिक विवरण स्वचालितरुपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरु स्वचालितरुपमा भिडान हुने, करपरीक्षण प्रतिबेदनको अपलोड हुने, सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीलाई एक आपसमा आबद्ध गरिनुपर्दछ ।
- कुल करदाताको २ प्रतिशतभन्दा कम विवरणको मात्र कर परीक्षण भएको अवस्था छ । कर परीक्षणबाट हुने कर निर्धारण समेतलाई मध्यनजर राख्दै जोखिमयुक्त करदाता छानेर कर परीक्षण गर्ने परीपाटीलाई बढावा दिनुपर्दछ । साथै अनुसन्धान एवं कर विवरणको नियमित अनुगमन गरी जोखिम पत्ता लगाउन कर परीक्षणमा कृत्रिम बौद्धिकता (Artificial Intelligence) को प्रयोग गर्नुपर्दछ ।

१९.४ **आयोजना व्यवस्थापनः** आयोजना व्यवस्थापनमा सम्भाव्यता अध्ययन, बिस्तृत सर्वेक्षण, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कनलगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्दछः

- ठूलो लगानी आवश्यक पर्ने राष्ट्रिय गौरवका आयोजनाहरु निर्धारण गर्ने मापदण्ड तयार गरी सम्बन्धित निकायको कार्यान्वयन क्षमता समेतका आधारमा तोक्ने र पर्याप्त बजेट विनियोजन गरेर छिटो कार्य सम्पन्न गरी प्रतिफल प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ । राष्ट्रिय गौरवका योजना कार्यान्वयनका लागि उपयुक्त कार्यान्वयन र अनुगमन संयन्त्रसहितको छुट्टै ऐनको निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।
- प्रत्येक मन्त्रालय तथा विभागले सम्भाव्यता अध्ययनबाट उपुयक्त सम्भाव्य देखिएका आयोजना बैङ्क तयार गरी विस्तृत प्राथमिकताको आधारमा बजेट विनियोजन तथा कार्यान्वयन गरिनुपर्दछ। वातावरणीय प्रभाव अध्ययन नगरी निर्माणस्थलको छनौट गर्ने, रुख कटान, मुआब्जा वितरण र जग्गा प्राप्ति, विद्युत पोलहरु सार्ने जस्ता कामहरु टुङ्गो नलगाई खरिद कार्य अगाडि बनाउने एवं आयोजना कार्यान्वयन गर्न उपलब्ध गराउनुपर्ने सेवा सुविधाको व्यवस्था नगरी ठेक्का व्यवस्थापन गर्ने कार्य रोकिनुपर्दछ ।

- खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत पूर्ति हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना छनौट तथा कार्यान्वयन गर्ने र आयोजना सम्पन्न भएपछि ती प्रतिफल दरहरुको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।
- विस्तृत अध्ययन नगरी त्रुटिपूर्ण ड्रइङ्ग, डिजाइन र लागत अनुमानको तर्जुमा तथा स्वीकृति गर्ने कर्मचारी र परामर्शदातालाई जिम्मेवार बनाउने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- आयोजनाको वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय तहको कार्य क्षेत्रमा पर्ने आयोजनाहरु दोहोरोपना, खप्टने र टुक्रिने अवस्थाको अन्त्य गर्दै आयोजनाको लागि बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिँचाइ खानेपानी, वनसँग सम्बन्धित निकायहरुबीच समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।
- निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन उपकरणहरु, निर्माण सामग्रीको उपलब्धता र निर्माण व्यवसायीको क्षमता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण र सरकारी, निजी तथा व्यापारिक क्षेत्रको आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ ।
- कार्यालय संचालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालू बजेटमा विनियोजन गरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।
- परामर्शसेवामा अत्यधिक खर्च भईरहेको परिप्रेक्षमा आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई बाह्य परामर्शदाताबाट गराउने परिपाटीको अन्त्य गरिनुपर्दछ ।
- विकास आयोजनाहरुमा कार्य सम्पादन करार गरी आयोजना अवधिमा आयोजना प्रमुख सरुवा नगर्ने नीति अवलम्वन गर्दै कार्य सम्पादनलाई वृत्ति विकाससँग आवद्ध गर्नुपर्दछ ।आयोजना व्यवस्थापन सम्बन्धी क्षमता अभिबृद्धि गर्न सर्टिफिकेशन कोर्सहरु सञ्चालन गर्नुपर्दछ । आयोजनास्थलमा आयोजनाको लागत अनुमान, ठेक्का रकम, डिजाइन गर्ने, ठेक्का स्वीकृत गर्ने र अनुगमन गर्ने पदाधिकारी र निर्माण व्यवसायीको विवरण स्पष्ट खुलाई राखिनुपर्दछ ।
- बजेट अपर्याप्त भई सम्पन्न नभएका आयोजनाहरुको विश्लेषण गरी त्यस्ता आयोजनाहरु सम्पन्न नभएसम्म सोही प्रकारका नयाँ आयोजनाहरु शुरु नगर्ने नीति लिनुपर्दछ ।
- आयोजनाको अनुगमन र मूल्याङ्कन कार्य आयोजना कार्यालय, मन्त्रालय स्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनुगमन मूल्याङ्कनसम्बन्धी आधुनिक विधिहरु प्रयोगमा ल्याई प्रभावकारी बनाइनुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजनासँग सम्बन्धित सूचनाहरुलाई ब्यवस्थित गर्न एवं प्रगतिको अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१९.५ **सार्वजनिक खरिद व्यवस्थापनः** खरिद योजना, ठेक्का व्यवस्थापन, कार्यान्वयन, कार्यतालिकाको परिपालना, म्याद थप, भेरिएसन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तर, मर्मत सम्भारलगायतका विषयहरुमा देहाय बमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

- निर्माण व्यवसायीको स्वामित्वमा रहेका उपकरण तथा औजार, चालु पुँजी, दक्ष जनशक्ति, अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा निर्माण व्यवसायीले गर्नसक्ने कामको अधिकतम परिमाण निर्धारण गरी सोभन्दा बढी ठेक्का सम्झौता नगर्ने नीति लिनुपर्दछ ।
- निर्माण व्यवसायीको संयुक्त उपक्रमका प्रत्येक फर्महरुलाई काम प्रति जवाफदेही बनाउने एवं काम सम्पन्न नगर्ने संयुक्त उपक्रमका सबै साझेदारको अनुगमन गरी नाम सार्वजनिक गर्ने व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक खरिद नियमावलीमा उपभोक्ता समितिमार्फत गराउन सकिने कामको सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र

बोलपत्रबाट खरिद गर्नुपर्ने सामान उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा उपभोक्ता समितिलाई प्रतिस्पर्धात्मक खरिद कार्यको विकल्पको रुपमा प्रयोग गरेको पाइन्छ । यसउपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ । मेशिन प्रयोग गर्नुनपर्ने श्रममूलक काममा मात्र उपभोक्ता समितिलाई सीमित गर्नुपर्दछ । उपभोक्ता समितिहरुले सरकारी कोषबाट भुक्तानी लिने गरेको तर तिनीहरुको खर्चको पारदर्शिता र लेखापरीक्षण सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था हुन समेत जरुरी देखिएको छ ।

- सार्वजनिक निकायमा दरबन्दीअनुसारका जनशक्ति भएपनि बाह्य परामर्श सेवा लिने र स्वदेशमा उपलब्ध दक्ष जनशक्तिको उपयोग गरी विदेशी परामर्शदाताको सेवा लिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।
- सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्राटुक्रा पारी सीमित प्रतिस्पर्धा तथा प्रतिस्पर्धा नगराई खरिद गर्ने, विशेष परिस्थिति उल्लेख गरी वा विदेशी सरकार वा सरकारको स्वामित्वमा स्थापित निकायमार्फत सोझै खरिद गर्ने परिपाटीलाई नियन्त्रण गरिनुपर्दछ।
- सबै सरकारी कार्यालयमा विद्युतीय प्रणालीबाट बोलपत्र पेसगर्ने व्यवस्था अनिवार्यरुपमा लागू गर्ने र दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत विद्युतीय खरिद प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ। ठेक्काको कार्यान्वयन र भुक्तानी लगायतका सबै क्रियाकलापहरु विद्युतीय खरिद प्रणालीमार्फत हुने व्यवस्था मिलाउनुपर्दछ ।
- खरिद व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ र विद्युतीय खरिद प्रणाली लगायत समग्र खरिदमा संलग्न कर्मचारी एवं अन्य सम्बन्धितको क्षमता विकास गर्नुपर्दछ ।
- निर्माणकार्यको खरिदमा संलग्न निकायले अलग अलग दरका नर्म्सको आधारमा लागत अनुमान तयार गर्ने गरेकोले पुनरावलोकन गरी एकरुपता कायम गर्नुपर्ने देखिन्छ । डिजाइन र निर्माण प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।निर्माण कार्यको गुणस्तर सुनिस्चित गर्न प्रयोगशालाको व्यवस्था गरिनुपर्दछ ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक खरिद प्रणालीको चरणहरु र कार्यप्रक्रिया व्यवस्थित गर्न निर्देशिका जारी गर्नुपर्दछ। उक्त निर्देशिकामा खरिदका नबीनतम मोडालिटीहरु जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बुट), इन्जिनियरिङ्ग प्रोक्योरमेण्ट कन्ट्रयाक्टएवं सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आव्हान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गरिनुपर्दछ ।
- स्पेसिफिकेसन तथा बोलपत्र मूल्याङ्कनका आधार तय गर्दा प्रतिस्पर्धा सीमित र केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी बोलपत्र तयार गरेको पाइएमा कागजात तयार गर्ने पदाधिकारीलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ ।
- बोलपत्र मूल्याङ्कनमा घटीवालाको बोलपत्र स्वीकृत गर्नुपर्ने व्यवस्थाले कामको गुणस्तरमा समस्या देखिएको एवं ठेक्का अधुरो छाडने प्रबृति बढदै गएकोले सोलाई निराकरण गर्न न्यूनतम र अधिकतम कबोल गर्नेको बोलपत्रलाई हटाई बाँकी बोलपत्रको कबोल अङ्कलाई औसत गर्दा हुने रकमसँग नजिक कबोल अङ्क रहेको बोलपत्र स्वीकृत गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- विद्यमान खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न जेष्ठ १५ देखि श्रावण १ सम्मको समयमा खरिद पूर्वका क्रियाकलापहरु जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता आन्तरिक तयारीका कार्यहरु गरिनुपर्दछ । कार्यस्थलसँग सम्बन्धित पूर्वतयारीका कार्य पूरा नभई ठेक्का गर्ने परिपाटीलाई पूर्णरुपमा रोक लगाउनुपर्दछ ।
- ठेक्का सम्पन्न भएपश्चात (त्रुटि सच्याउने अवधिपछि) पनि आवश्यकता हेरी निश्चत अवधिसम्मको मर्मत सम्भार अवधि तोकी सोही निमार्ण व्यवसायीको जिम्मा दिने गरी सम्झौतामा व्यवस्था गरिनुपर्छ ।
- बोलपत्र वा प्रस्ताव मूल्याङ्कनको छनौट भएका आपूर्तिकर्ताहरुको सूचीकृत मूल्यमा देशभरका सबै कार्यालयहरुले संरचनात्मक करार सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्ने व्यवस्था गर्नुपर्दछ।
- विशेष परिस्थितिमा खरिद कार्य गर्न तथा आपतकालीन राहत वितरणको लागि आवश्यक सामग्री खरिद गर्न खरिद सम्बन्धी छुट्टै कार्यविधि तयार गर्नुपर्दछ ।

- सार्वजनिक खरिद नियमावलीका प्रावधानहरु र सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्रसम्बन्धी कागजातहरु प्रदेश र स्थानीय तहलगायतका निकायले लागू गर्नुपर्दछ ।

१९.६ **खर्च कटौती एवं व्यवस्थापनः** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहायबमोजिम गर्नुपर्ने देखिन्छः

- राजस्व असुलीको तुलनामा चालू खर्च अद्यावधिक हुने गरेको देखिएकोले सुधारको लागि संस्थागत तथा संगठनात्मक संरचनामा सुधार गरी खर्च कटौती गर्नुपर्ने, चालू खर्च राजस्वको सीमाभित्र रहनुपर्ने तथा निश्चित विधि र मापदण्डका आधारमा चालु खर्च प्रक्षेपण गर्ने व्यवस्था गर्नुपर्दछ ।
- एउटै प्रयोजनको लागि संघ, प्रदेश सरकार र स्थानीय तहमा कार्य विभाजनमा अस्पष्टता र दोहोरोपन नियन्त्रण गर्न तथा खर्चमा मितव्ययिता ल्याउन हालका मन्त्रालय, निकाय, कार्यालय, बोर्ड, समितिको संख्यालाई पुनरावलोकन गर्नुपर्ने तथा प्रदेश र स्थानीय तहलाई तोकिएको कामको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनुपर्दछ ।
- संविधानमा उल्लेखित साझा अधिकारका विषयहरु हस्तान्तरण गर्नुपर्ने कार्यक्रमहरु समेत संघ र प्रदेशले राख्ने गर्दा कार्यक्रम, विनियोजन र खर्चमा दोहोरोपन देखिएकोले त्यस्ता कार्यक्रम तोकिएको स्थानीय तहबाट मात्र सञ्चालन गर्नुपर्दछ ।
- अनुत्पादक खर्च नियन्त्रण गर्न परिवर्तित परिस्थितिमा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ लाई परिमार्जन गरी कडाइका साथ लागू गर्न उच्च पदस्थ पदाधिकारीहरु आफै मितव्ययी, मर्यादित र उदाहरणीय रुपमा प्रस्तुत हुने, विविध खर्च नियन्त्रण गर्ने, बैठक सभा सम्मेलन भेला वार्षिकोत्सब, विदेश भ्रमणलगायतमा हुने फजूल खर्च नियन्त्रण हुनुपर्दछ।
- सार्वजनिक प्रशासनका सेवाहरु प्रवाह गर्दा मितव्ययी बनाउन आवश्यक पर्ने मापदण्ड, मानक, प्रक्रियाको प्रत्येक चरणमा आवश्यक पर्ने खर्चको सीमा, राजनैतिक नियुक्ति भएका व्यक्तिहरुलाई दिइने सुविधा निजी सचिवालयमा दिइने कर्मचारीको संख्या, तह, सुविधा जस्ता विषयहरुमा पनि स्पष्ट मापदण्ड बनाउन जरुरी छ।
- संघीयता कार्यान्वयन भैसकेको परिप्रेक्ष्यमा अधिकार क्षेत्र र यथार्थ कार्यबोझ विश्लेषण गरी कर्मचारी दरबन्दी पुनरावलोकन गरिनुपर्दछ । मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्य गर्न कोष, परिषद्, आयोग, बोर्डहरु गठन गरिएकाले औचित्य र सान्दर्भिकताको आधारमा त्यस्ता निकायहरु खारेज गर्ने, दोहोरोपन आउने देखिएमा गाभ्ने, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रअनुसार स्थानान्तरण गर्ने वा पुनः संरचना गरी खर्च कटौती गरिनुपर्दछ।
- सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा कार्यालयको आवश्यकता, कर्मचारी संख्या, र्मचारीको स्तरसमेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र बढी भएमा अन्य निकायमा हस्तान्तरण गरिनुपर्दछ। निश्चित अवधिको लागि सवारी साधन खरिदमा रोक लगाउनुपर्दछ ।
- समान प्रकृतिका कार्यलाई एकद्वार प्रणालीबाट संचालन गरी खर्चको दोहोरोपना हटाउने र समन्वय प्रणाली सुदृढ गरी विनियोजन कुशलता वृद्धि गर्नुपर्दछ ।
- महंगो सवारीसाधन खरिद गर्ने, सरकारी सवारीसाधनहरु रातो प्लेटमा राख्ने र मर्मत गरी प्रयोग गर्न सकिने सवारीसाधन मर्मत नगरी नयाँ खरिद गर्ने व्यवस्था अन्त्य हुनुपर्दछ ।
- सरकारी भवनहरु निर्माण गर्दा एउटै भवनमा धेरै कार्यालय रहन सक्ने गरी निर्माण गरेर बिजुली, पानी, मर्मत सम्भार, इन्टरनेट, सुरक्षासँग सम्बन्धित खर्चहरु घटाउने नीति अवलम्बन गर्नुपर्दछ ।
- योगदानमा आधारित निबृत्तिभरण प्रणाली निजामती, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, नेपाली सेनाको लागि कार्यान्वयनमा ल्याएकोमा समान प्रकृतिका सरकारी कोषबाट तलब खर्च व्यहोर्ने विद्यालय र विश्वविद्यालयका शिक्षकहरु तथा स्थानीय तहका कर्मचारीहरुको लागि समेत लागू गर्नुपर्दछ।

- पटक पटक रकमान्तर गरी ठूलो रकम निकासा दिने, बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकार मात्र बढाउन विविध खातामा राख्ने वा संघसंस्थाको खातामा ट्रान्सफर गरी बजेट सिद्धान्त विपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
- सार्वजनिक संस्थानहरुको आवश्यकता र औचित्य विश्लेषण गरी अनावश्यक संस्थानहरु गाभ्ने वा खारेज गर्ने वा पुर्नसंरचना गरिनुपर्दछ ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीको कारणले मुलुकको अर्थतन्त्र र सरकारी राजस्व आम्दानीमा ठूलो असर परेको छ । यस संवेदनशील अवस्थालाई मध्यनजर गरी खर्च कटौती गर्न संविधानको मर्म र भावनालाई असर नपर्ने गरी संवैधानिक तथा सरकारी निकायहरुको पुर्नसंरचना गरिनुपर्दछ ।

१९.७ **सामाजिक सुरक्षा तथा अनुदानः** लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप विभिन्न वर्ग, उमेर, समूह, जातजाति, उपेक्षित उत्पीडितलाई राज्यले सुरक्षा प्रदान गर्ने र निश्चित पेशा व्यवसाय उद्योगलाई प्रोत्साहन गर्न अनुदान दिने परिपाटीलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छः

- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी सबै नेपालीले जीवन निर्वाहका लागि आवश्यक रकम पाउने सुनिश्चिततासहितको योजना लागु गर्न आवश्यक देखिन्छ।
- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम बीसभन्दा बढी निकाय/संस्थाबाट सञ्चालित छन् । तसर्थ सामाजिक सुरक्षामा केन्द्रित रहने गरी एक सामाजिक सुरक्षा समन्वय इकाई स्थापना गरी सो मातहत सम्पूर्ण सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।
- सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरुको तथ्याङ्क ब्यबस्थित र अध्यावधिक गरि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको लगत कट्टा गर्ने पद्धतिलाई विश्वसनीय बनाउनुपर्दछ । लाभान्वित वर्गको पहिचान प्रणाली लागू गरिनुपर्दछ।
- सरकारी अनुदान मुख्यतया उद्यमशीलता र पूर्वाधार विकास, क्षमता विकास, व्यवसायीकरण आधुनीकीकरण र मूल्य श्रृङ्खला प्रवर्द्धनमा दिइने नीति लिइनुपर्दछ। उत्पादन र उत्पादकत्व अभिवृद्धिमा आधारित भई नतिजा मूल्याङ्कन पश्चात मात्र अनुदान दिने व्यवस्था गरिनुपर्दछ। संघ, प्रदेश र स्थानीयतहबाट समान प्रकृतिको अनुदान प्रदान गर्ने व्यवस्था पुनरावलोकन गरिनुपर्दछ ।
- संघ, प्रदेश र स्थानीय तहका बहु निकायमार्फत् अनुदान र आर्थिक सहायता वितरण हुँदा दोहोरोपना र लक्षित उद्देश्यको लागि प्रयोग भएको सुनिश्चित गर्न कठिन छ। यस सम्बन्धमा स्पष्ट कार्यक्षेत्र निर्धारण गरी अनुदान र आर्थिक सहायतासम्बन्धी ऐन तर्जुमा गरी लागू गर्नुपर्दछ ।आर्थिक सहायता तथा अनुदानको विवरणलाई सार्वजनिक गर्नुपर्दछ ।
- नेपाल सरकारबाट आर्थिक सहायता वितरणमा वस्तुनिष्ठ मापदण्ड तयार भएको छैन। नगद तथा वस्तुगत अनुदान उपलब्ध गराउने सम्बन्धमा मापदण्ड तयार गर्नुपर्दछ । यसका लागि मानव विकास सूचकाङ्क, विकासका सूचक, लैङ्गिक विभेदको सूचक, असमानता सूचक, क्षेत्रफल पूर्वाधारको अवस्था र लाभग्राहीको प्रतिशत जस्ता सूचकाङ्क प्रयोग गरिनुपर्दछ। अनुदान उपलब्ध गराउँदा पुँजी निर्माण हुने, सार्वजनिक सम्पत्ति सिर्जना हुने, लक्षित वर्ग र क्षेत्रका जनताको आर्थिक तथा सामाजिक उत्थान हुनेतर्फ विशेष ध्यान दिनुपर्दछ।
- अनुदानबाट उत्पादन र उत्पादकत्वमा योगदान पुगेको सम्बन्धमा अनुगमन र मूल्याङ्कन गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्दछ ।

१९.८ **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षणः** संघ, प्रदेश र स्थानीयतह तथा अन्य सार्वजनिक निकायसमेतको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्च भएर नजाने पुँजीगत सम्पत्तिको संघ, प्रदेश र स्थानीय तथा अन्य सार्वजनिक निकायको एकीकृत र जिल्लागत विवरणको अभिलेख अद्यावधिक गर्ने, सोको समुचित संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भारका साथै पुराना मालसामानको लिलाम बिक्रीसम्बन्धी कारबाही हुनुपर्दछ ।
- संघीयता कार्यान्वयनसँगै खारेज भएका जिल्लास्तरीय कार्यालय तथा साविकका गाउँ विकास समिति तथा नगरपालिकाको स्वामित्वमा रहेका जग्गा जमिन, भवन, फर्निचर, कम्प्युटर तथा अन्य उपकरणहरु सम्बन्धित प्रदेश कार्यालय तथा स्थानीय तहमा हस्तान्तरण गरी उपयोग गर्नुपर्दछ ।
- स्थानीय तहबाट हुने नदीजन्य तथा खानीजन्य पदार्थहरुको उत्खनन्, संकलन तथा निकासीसम्बन्धी काम कारबाहीको अनुगमनका लागि प्रभावकारी संयन्त्रको व्यवस्था गरी प्राकृतिक स्रोत साधनको अनियन्त्रित दोहनलाई नियन्त्रण गर्नुपर्दछ ।
- सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा खानी उत्खनन् लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।
- विभिन्न सरकारी र सार्वजनिक निकाय एवं विश्वविद्यालयहरुको स्वामित्वमा रहेका प्रयोगविहीन जग्गाको अभिलेख, संरक्षण तथा समुचित उपयोग गरी आयमूलक कार्यमा लगाइनुपर्दछ ।
- अतिक्रमणमा परेका सरकारी तथा सार्वजनिक र गुठी जग्गाहरुबाट अतिक्रमण हटाई त्यसको संरक्षण गर्दै सम्बन्धित निकायको अधीन र उपयोगमा ल्याउनुपर्दछ ।
- पुरातात्विक महत्वका सम्पदा तथा संग्रहालयहरुमा रहेका बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ । सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बा, तीर्थस्थललगायतमा दर्शनार्थीबाट चढाइने भेटीघाटी व्यवस्थापन, त्यसको अभिलेख र संरक्षणको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।
- नेपाल ट्रष्टको कार्यालयको नाममा रहेका भवन, जग्गालगायतका चल, अचल सम्पत्तिको संरक्षणको उचित प्रबन्ध गरी उत्पादनशील कार्यमा उपयोगमा ल्याइनुपर्दछ ।

१९.९ **सेवा प्रवाहः** सबै सार्वजनिक निकायले सेवाग्राहीका माग र उपलब्ध सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाह र उक्त सेवा प्रवाह गर्न सक्ने क्षमता समेतको स्थिति विश्लेषण गरी दोहोरोपन नहुने गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणका माध्यमबाट आवश्यक जनशक्ति तथा स्रोत साधनको व्यवस्थापन गर्नुपर्दछ ।
- सार्वजनिक निकायहरुको सेवालाई विद्युतीय तथा मोबाईल गभरनेन्ससँग आबद्ध गरी सेवा प्रवाह समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।
- सूचना प्रविधिको पहुँच नभएको र बढी सेवाग्राहीको उपस्थिति हुने स्थानमा सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन, गुनासो सुनुवाइको व्यवस्था र हेल्पडेस्क प्रणालीलगायत उपयुक्त सेवा प्रवाहविधि कार्यान्वयनमा ल्याउनुपर्दछ ।
- सार्वजनिक निकायहरुले गरिरहेका सेवा प्रवाहलाई आधारभूत र गैरआधारभूत सेवामा छुट्याई आधारभूत कार्य जस्तैः नागरिकता, जग्गाधनी प्रमाणपुर्जा, राहदानी जस्ता संवेदनशील सेवाहरु सरकारी निकायले प्रदान गर्ने र गैर आधारभूत कार्यहरु जस्तैः युटिलिटी भुक्तानी जस्ता सेवाहरु बाह्य सेवा प्रदायकलाई जिम्मा दिई उक्त सेवाप्रवाहको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सेवा प्रवाहसम्बन्धी सम्बद्ध कानुन, कार्यविधि, प्रक्रिया एवं फारामहरुमा सुधार गर्दै सेवाग्राहीले प्रयोग गर्ने फारामहरु सर्वसाधारणले बुझ्नेखालको बनाउनुपर्छ। संलग्न गर्नुपर्ने काजगातको संख्या घटाउनेतर्फ आवश्यक कदम चाल्नुपर्दछ।

- संघ, प्रदेश र स्थानीय तहमा निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा अन्य संस्थाहरुको सेवा सञ्चालन मापदण्ड र शुल्कको निर्धारण गरी अधिकार क्षेत्रअनुसार नियमित अनुगमन तथा नियमनका लागि स्वतन्त्र र प्रभावकारी नियमनकारी निकायको स्थापना र सञ्चालन गर्नुपर्दछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालित शैक्षिक क्रियाकलाप र त्यसको गुणस्तर, निजी विद्यालयको शुल्क निर्धारण र सङ्कलनलगायतका विषयमा संघ, प्रदेश र स्थानीय तहसमेतबाट प्रभावकारी अनुगमन संयन्त्रको व्यवस्था हुनुपर्दछ ।
- सेवाग्राहीको बढी चाप रहने मालपोत, नापी, वैदेशिक रोजगार, यातायात व्यवस्था, राहदानी, अध्यागमन लगायतका कार्यालयले प्रदान गर्ने सेवामा सेवाप्रवाह गर्ने कार्यविधि र प्रक्रियामा सरलीकरण गरी सूचना प्रविधि प्रणालीमा आधारित बनाउनुपर्दछ ।
- क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ । सार्वजनिक सुनुवाइ र सेवाग्राही सेवा सन्तुष्टि सर्वेक्षण गरी प्राप्त सुझावहरु लागू गर्ने संस्थागत व्यवस्था गरिनुपर्दछ ।
- बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव, कालो बजारीलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।
- सार्वजनिक सेवा प्रवाहमा नागरिकको विवरण सरकारका सबै निकायमा दिनुपर्ने झन्झटिलो व्यवस्था अन्त्य गरी एउटा निकायमा रहेका नागरिकको विवरणहरु अर्को निकायले प्रयोग गर्ने गरी छिटोभन्दा छिटो सबै नागिरकलाई राष्ट्रिय परिचयपत्र वितरण गर्नुपर्नछ ।

१९.१० **सूचना प्रविधिको उपयोगः** संघ, प्रदेश र स्थानीय तहका अधिकांश निकायमा सूचना प्रविधि प्रणालीको प्रयोग भैरहेको सन्दर्भमा यस प्रविधिमार्फत सेवा प्रवाह, सूचना सङ्कलन, आदान प्रदान, पारदर्शिता र अनुगमन लगायतका विषयलाई समय र लागत प्रभावी बनाउन देहायबमोजिमका सुधारहरु गर्नुपर्ने देखिन्छः

- सरकारी निकायहरुबाट खरिद वा विकास गरी सञ्चालनमा ल्याइएका सूचना प्रविधि प्रणालीलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र कम खर्चिलो बनाउनको लागि स्थापित मापदण्डबमोजिम सफ्टवेयर वा हार्डवेयरको खरिद वा विकास गरी पूर्णरुपमा उपयोग नगर्ने प्रवृत्तिलाई निषेध गरी प्रविधिमा भएको लगानीलाई पारदर्शी बनाई खरिद एवं विकास गरिएका सफ्टवेयरको पूर्णरुपमा उपयोग हुनुपर्दछ।
- व्यवस्थापकीय कामको लागि सबै निकायले प्रयोग गर्न मिल्ने एकै प्रकृतिका सफ्टवेयर जस्तैः वेबसाइट, इमेल, व्यवस्थापन सूचना प्रणाली, जिन्सी व्यवस्थापन, विद्युतीय हाजिरी, दर्ता चलानी व्यवस्थापन प्रणाली, लेखाप्रणाली, स्थानीयतहको कर सङ्कलन तथा निर्धारण प्रणाली सफ्टवेयर आदि वर्षेनी ठूलो संख्या बेग्ला बेग्लै खरिद हुने गरेकोले दोहोरोपना भई ठूलो बजेट खेर गैरहेको छ। यस्ता सफ्टवेयरहरु एकीकृतरुपमा विकास एवं खरिद गरी प्रयोग गर्ने व्यवस्था मिलाई मितव्ययिता कायम गर्नुपर्दछ ।
- विभिन्न सरकारी निकायवाट विकास गरिएका सबै सफ्टवेयर, लाइसेन्स सफ्टवेयर, मोबाइल एप्सको अनिवार्य रुपमा सरकारी सूचना प्रविधि आर्किटेक्चरमा तयार गरी दर्ता गर्ने र सफ्टवेयर रिपोजिटरी बनाउनु अत्यावश्यक छ। सरकारी निकायहरुले खरिद वा विकास गरी सञ्चालनमा ल्याएका सफ्टवेयरहरु अनिवार्यरुपमा सरकारले तोकेको निकायमा दर्ता गरेर मात्र चलाउन पाइने कानुनी व्यवस्था मिलाउनुपर्दछ।
- सिंहदरवारस्थित सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप विकास गर्नको लागि अनिवार्यरुपमा डाटा सेन्टर परीक्षण गराई सबै सरकारी निकायका सूचना प्रविधि प्रणाली तथा सूचना एवं तथ्याङ्कहरु यसै डाटा सेन्टरमा राखी सञ्चालन गर्नुपर्दछ। सबै सरकारी निकायले छुट्टाछुट्टै डाटा

सेन्टर सञ्चालन गर्ने कार्य प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण रहेकोले ठूलो बजेट तथा जनशक्ति खर्च हुने अवस्थामा सुधार गर्नुपर्दछ ।

- विद्युतीय कारोबार सञ्चालनका लागि ई-कमर्शलाई व्यवस्थित गर्न कानुनी व्यवस्था हुनुपर्दछ ।साथै विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको शीघ्र कार्यान्वयन गर्नुपर्दछ ।
- नियमनकारी तथा अन्तरसम्बन्धित निकायको कार्य सम्पादनमा सहयोग पुग्ने महत्वपूर्ण सूचनाहरु आदानप्रदान र उपयोग गर्ने पद्धतिको विकास गरी कार्यसम्पादन क्षमतामा अभिवृद्धि गर्नुपर्दछ ।

१९.११ **संस्थान व्यवस्थापन:** संगठित संस्थाको समग्र वित्तीय व्यवस्थापनसँग सम्बन्धित देहायका विषयमा सुधार गर्नुपर्ने देखिन्छः

- संगठित सार्वजनिक संस्थाको स्थापनाको उद्येश्यअनुरुप सञ्चालन भएनभएको सम्बन्धमा मूल्याङ्कन गरी ती संस्थाको आवश्यकता र योगदान अनुरुप खारेज गर्ने, मर्ज गर्ने, सञ्चालनको प्रारुप परिवर्तन गर्ने लगायतका विकल्पबारे सोच्नुपर्दछ ।
- सार्वजनिक संगठित संस्थाले स्वीकृत नेपाल वित्तीय प्रतिवेदनमानअनुरुप वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने व्यवस्था गर्नुपर्दछ । तोकिएबमोजिम समयमै वित्तीय विवरण तयार नगर्ने तथा लेखापरीक्षण नगराउने सार्वजनिक संगठित संस्थाका जिम्मेवार पदाधिकारी र शासकीय भूमिकामा रहेका पदाधिकारीलाई अभिलेख राखी आगामी दिनमा जिम्मेवारी नदिने व्यवस्था मिलाउनुपर्दछ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु कार्यान्वयन गर्नुपर्दछ ।
- संगठित संस्थामा सरकारले गरेको शेयर तथा ऋण लगानी, ब्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई सम्बन्धित संस्थासँग नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ ।वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज चुक्ता गर्दै जानुपर्ने देखिन्छ ।
- संगठित संस्थामा नेपाल सरकारले शेयर लगानी गर्दा संस्थाको जारी पुँजीअनुसार नेपाल सरकारको हिस्सामा लगानी गर्ने एवं शेयर संरचना परिवर्तन गरी सरकारी हिस्सा न्यून गर्ने उपर छानबिन गरी कारबाही गर्नुपर्दछ ।
- बन्द, विघटित र खारेज भएका सार्वजनिक संस्थानहरुको सम्पत्तिको लगत यकिन गरी संस्थानका जग्गा, भवन एवं अन्य उपकरण र पूर्वाधारहरु प्रयोगमा ल्याउन सरकारी स्तरमै एउटा सम्पत्ति व्यवस्थापन संयन्त्र स्थापना गर्नुपर्ने देखिन्छ। संस्थान बन्द वा खारेज हुँदाकै बखत कार्यरत कर्मचारीलाई अवकाश दिई पछिसम्म प्रशासनिक खर्च ब्यहोर्नुपर्ने बाध्यताको अन्त्य गरिनुपर्दछ।
- संस्थानलगायत अन्य सार्वजनिक निकायहरुमा पदाधिकारी, उच्च व्यवस्थापक कार्यकारीहरुले पाउने सुविधाहरु निकायपिच्छे फरक-फरक रहेकोले त्यस्ता सुविधाहरुमा एकरुपता कायम गर्न सुविधासम्बन्धी निश्चित मापदण्ड तयार गरी औचित्यका आधारमा मात्र सुविधा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ । मानव संशाधन सम्बन्धमा अध्ययन गरी संस्थानहरुमा आवश्यक मात्र दरबन्दी व्यवस्था गर्नुपर्दछ।
- संस्थाहरुको सञ्चालक समितिमा व्यावसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र ती संस्थाका कार्यकारी प्रमुखको नियुक्तिमा व्यावसायिक कार्य योजनाको आधारमा मात्र नियुक्ति गरी सोअनुसार भए नभएको समय समयमा मापन गरी निरन्तरता दिने नदिने व्यवस्था मिलाउनुपर्दछ ।

१९.१२ **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली:** सार्वजनिक निकायको लेखाङ्कन तथा वित्तीय प्रतिवेदन प्रणालीमा समय सापेक्ष सुधार गरी सार्वजनिक कोषको यथार्थता, पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न देहायका विषयमा सुधार गर्नु आवश्यक देखिन्छः

- सबै तहका सरकारी निकायहरुले सार्वजनिक क्षेत्रको लागि नेपाल सरकारबाट अपनाईएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ । यस प्रयोजनका लागि कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

- तीनवटै तहका सरकारको एकीकृत आय व्यय विवरण संघीय अर्थ मन्त्रालयले तयार गर्ने परिपाटी स्थापित गरिनुपर्दछ ।
- नेपाल सरकारले अवलम्बन गरेको विद्यमान सार्वजनिक क्षेत्र लेखामान अन्तर्राष्ट्रियरुपमा परिमार्जन भई सकेकोले नेपाल सरकारले पनि सोही अनुसार अध्यावधिक गर्नुपर्ने देखिन्छ । नेपाल सरकारको लेखा प्रणाली नगद आधारबाट प्रोदभावी आधारमा रुपान्तरण गर्ने कार्य योजना तयार गर्नुपर्दछ ।
- सरकारका विभिन्न निकायले आफ्नो वित्तीय कार्यसम्पादन र प्रतिवेदन प्रणालीमा सहजता ल्याउन छुट्टाछुट्टै सूचना प्रविधिसम्बन्धी प्रणालीहरु कार्यान्वयनमा ल्याएका छन् । त्यस्ता सूचना प्रविधि प्रणाली लागू गर्नुपूर्व महालेखापरीक्षकको स्वीकृति लिने व्यवस्था गर्नु पर्दछ । साथै त्यस्ता सूचना प्रविधिमा आधारित प्रणालीहरुलाई एकीकृत गर्ने वा कम्तीमा एक आपसमा अन्तर्सम्बन्ध कायम गर्ने व्यवस्था गर्नुपर्दछ ।
- सरकारी कार्यालयको लेखाङ्कनका लागि प्रयोगमा रहेको कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई पूर्ण कार्यान्वयनमा ल्याई लेखाका आधारभूत विवरण स्वचालित रुपमा तयार हुने तथा सबै लेखासम्बन्धी कागजात सूचना प्रविधि सफ्टवेयरमा अपलोड हुने व्यवस्थासमेत मिलाउनुपर्दछ । यस प्रणालीको अतिरिक्त प्रदेश तथा स्थानीय तहको कारोबारसमेतलाई समेट्ने एकीकृत प्रतिवेदनको सफ्टवेयर लागू गरी वित्तीय प्रतिवेदन प्रणालीमा प्रभावकारिता ल्याउनुपर्दछ ।
- बहुवर्षीय आयोजना व्यवस्थापन तथा अन्य तरिकाबाट सिर्जना हुने दायित्व तथा प्रतिवद्धताको लेखा राख्ने व्यवस्था गर्नुपर्दछ । साथै सरकार जमानत बसेको ऋणको समेत लेखाङ्कन गर्ने व्यवस्था हुनुपर्दछ । कार्य सञ्चालनस्तरको कारोबारको विवरण केन्द्रीय हिसावमा स्वतः प्राप्त हुने सूचना प्रविधि प्रयोग गर्नुपर्दछ ।
- स्थानीय तहलगायत सबै तहका सरकारबाट आम्दानी र खर्चको लेखाङ्कन गर्दा स्वीकृत एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या प्रयोग गर्नुपर्दछ । व्ययको हकमा सरकारको कार्यात्मक वर्गीकरण सहितको एकीकृत वित्तीय विवरण तयार हुने व्यवस्था मिलाउनुपर्दछ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम बाँडफाँड हुने राजस्वका लागि खडा गरिएको विभाज्य कोषमा वर्षान्तमा रकम मौज्दात नरहने गरी बाँडफाँड हुने व्यवस्था मिलाउनुपर्दछ ।
- नेपालमा सार्वजनिक क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था गर्न सार्वजनिक वित्त व्यवस्थापन विज्ञ प्रमाणीकरण गर्ने तथा लेखा जनशक्तिको क्षमता अभिवृद्धि गर्न लेखा प्राविधिकको कोर्स सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ । निजामती सेवाका लेखा समूहमा लेखा बिषय अध्ययन गरेको योग्यता भएकालाई मात्र सेवा प्रवेश गराउने व्यवस्था मिलाउनुपर्दछ ।
- वित्तीय हस्तान्तरणले खर्चको प्रयोगस्थल निर्धारण गर्दछ। वित्तीय हस्तान्तरण अन्तर्गत अनुदान निकासा गर्दा खर्च लेखाङ्कन हुने तर खर्च नभएको रकम आर्थिक वर्ष समाप्त भएपछि अनुदान निकासा दिने सरकारको संचित कोषमा फिर्ता हुने वा सम्बन्धित तहको सञ्चित कोषमा बचत हुने भएकाले राजस्व र खर्च रकम यथार्थपरक नहुने अवस्था छ । तीन तहका सरकारबीच वित्तीय हस्तान्तरणबाट हुनसक्ने आम्दानी खर्चको दोहोरो लेखाङ्कन हटाउन तथा समग्र सरकारको आम्दानी र खर्चको तथ्याङ्क तयार पार्न आवश्यक छ। दोहोरो लेखाङ्कनलाई घटाउने उपयुक्त विकल्प प्रयोगमा ल्याउनुपर्दछ ।
- स्थानीय र प्रदेश तहमा गरिएको वित्तीय हस्तान्तरणलाई संघको सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा गणना गरेकोले यसलाई परिमार्जन गरिनुपर्दछ । साथै बोर्ड, समितिलगायतलाई दिएको चालु प्रकृतिको अनुदानबाट पुँजीगत प्रकृतिको खर्च हुने र पुँजीगत प्रकृतिको अनुदानबाट चालु प्रकृतिको खर्च हुने अवस्थालाई निराकरण गर्न समायोजनको उपयुक्त व्यवस्था गरिनुपर्दछ ।
- अर्थमन्त्रीले पेस गरेको विनियोजन विधेयक संसदबाट स्वीकृति प्राप्त भएपछि कार्यान्वयनमा आउँछ । विश्वमा धेरै देशहरुमा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने विवरणहरु अर्थमन्त्रीवाट प्रमाणित गर्ने व्यवस्था रहेको देखिन्छ । वित्तीय विवरण प्रमाणित गर्ने सम्बन्धमा निर्दिष्ट कानुनी व्यवस्था गरी वित्तीय विवरणहरु अर्थमन्त्रीवाट प्रमाणित हुनुपर्दछ । साथै महालेखा नियन्त्रक कार्यालयलगायतका निकायले

महालेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणहरुलाई नै आधिकारीक मानी प्रकाशन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९.१३ **आन्तरिक नियन्त्रण एवं आन्तरिक लेखापरीक्षण:** सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण बनाई आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन एवं आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन देहायका विषयमा सुधार गर्नुपर्ने देखिन्छः

- सबै तहका सरकारका नीतिगत तहमा रहने पदाधिकारी तथा प्रशासनिक पदाधिकारीहरुका लागि समग्रमा प्रचलित ऐन कानुनमा उल्लेख भएका आचरणगत व्यवस्थाका अतिरिक्त आफ्नो कार्यालयको प्रकृति अनुरुपको आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- सबै तहका सार्वजनिक निकाय र संगठित संस्थाहरुले संस्था सञ्चालनको उद्देश्य, कानुनको परिपालना र प्रतिवेदनसम्बन्धी उद्देश्यहरु प्राप्त गर्ने क्रममा आईपर्न सक्ने जोखिमको पहिचान गर्ने, आँकलन गर्ने, तिनको विश्लेषण गरी प्राथमिकताको आधारमा ती विषयलाई व्यवस्थापन गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको विकास गर्नुपर्दछ ।
- निकायको आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयनको निरन्तर तथा आवधिक अनुगमन मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा जिम्मेवार व्यक्तिलाई क्षमता अभिवृद्धिको व्यवस्था गर्नुका साथै आवश्यकताअनुसार दण्ड तथा पुरस्कार गर्ने प्रणाली विकास गर्नुपर्दछ ।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिमको आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिलाई सक्रिय बनाउनुपर्दछ । साथै अन्तर्राष्ट्रिय असल अभ्याससमेत विचार गरी यस किसिमको समितिमा कार्यसञ्चालन तहका पदाधिकारीको सट्टा निकायको शासकीय जिम्मेवारीको भूमिकामा रहने उच्च पदाधिकारीहरु रहने व्यवस्था गर्नु उपयुक्त हुन्छ ।
- आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा व्यवस्थापकीय तथा सञ्चालनगत जिम्मेवारीबाट स्वतन्त्र राख्ने, लेखापरीक्षणका मानदण्ड र निर्देशिकाको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने, कर्मचारीको क्षमता विकास गर्ने, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरिवेक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विषयहरु आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिमा छलफल गरी समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामा आन्तरिक लेखापरीक्षणको व्यवस्था गर्नुपर्दछ । आन्तरिक लेखापरीक्षण स्वतन्त्र एवं गुणस्तरीय रुपमा समयमा सम्पन्न गर्न आवश्यक सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण कार्य कारोबारगत लेखाको जाँचमा मात्र सीमित नरही निकायको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली र शासकीय प्रवन्धका विषयहरुको मूल्याङ्कनसमेत गर्ने गरी सुधार गर्नुपर्ने र अन्तिम लेखापरीक्षणलाई कार्यमूलकलगायत विशेष लेखापरीक्षणमा केन्द्रित गर्नुपर्ने देखिन्छ ।
- अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका व्यहोराहरु जिम्मेवार व्यक्तिले फछ्यौंट गर्नुपर्दछ ।
- नेपाल सरकारको लेखा राख्ने र आन्तरिक लेखापरीक्षणको कार्य महालेखा नियन्त्रक कार्यालयबाट भई रहेकोमा लेखा राख्ने कार्य र आन्तरिक लेखापरीक्षण कार्य गर्न अलग अलग विभाग गठन हुनुपर्दछ । लेखा समूहका कर्मचारीबाट नै लेखा राख्ने र आन्तरिक लेखापरीक्षणको कार्य हुदै आएकोमा एक अर्काको स्वार्थको विवाद हुने, सक्षमता र स्वतन्त्रताको हिसाबले उपयुक्त नदेखिएकोले आन्तरिक लेखापरीक्षकको बेग्लै समूह गठन गरिनुपर्दछ ।

१९.१४ **नियमन व्यवस्थाः** खुला बजार सिद्धान्तमा सरकारले प्रतिस्पर्धी वातावरण सिर्जना गर्न कानुनी, पूर्वाधार, व्यवसायिक वातावरण तयार गर्ने र निजी क्षेत्रले व्यावसायिक कार्य गर्दछन् । यस्ता व्यावसायिक कार्यको सरकारले कानुनद्वारा व्यवस्था गरि नियमन गर्नुपर्दछ ।नियमन सम्बन्धमा देहायका सुधार गर्नुपर्ने देखिन्छः

- स्वास्थ संस्था तथा औषधि तथा खाद्य सामग्रीको नियमन विभिन्न निकायबाट गरिँदा प्रभावकारी नभएको सन्दर्भमा सबै स्वास्थ्य संस्थाको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन ऐनद्वारा स्वतन्त्र र अधिकार सम्पन्न नियमनकारी निकायको व्यवस्था गरिनुपर्दछ । साथै खाद्य तथा औषधि एकआपसमा विषय अन्तरसम्बन्धित भएको र मानव स्वास्थ्यमा असर पार्ने महत्वपूर्ण विषय भएकोले नियमन गर्न अधिकार सम्पन्न खाद्य तथा औषधि नियमन प्राधिकरण खडा गर्ने व्यवस्था हुनुपर्दछ ।
- अर्थतन्त्रको आकारको बढोत्तरी, प्रविधिमा आएको विकास तथा विदेशी प्रविधि नेपालमा भित्रिने वातावरणअनुसार नियमनको कानुनी पर्याप्तता, क्षमता विकास र कार्यान्वयन गर्नुपर्दछ ।
- नियमनकारी निकायले गर्ने नियमन पनि प्रभावकारी नभएको अवस्था छ । नियमनकारी निकायले कानुनमा भएको अधिकार योजनाबद्ध तवरले उपयोग गरी प्रभावकारी तवरले नियमन एवं दिएका निर्देशनको कार्यान्वयन हुनुपर्दछ ।वित्तीय कारोवार गर्ने अन्य निकाय जस्तै नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायतका विभिन्न कोषहरुको नियमन गर्ने नियमनकारी निकाय नभएको सन्दर्भमा यस्ता गैरबैंकिङ्ग संस्थाको नियमन गर्ने निकाय स्थापना गरिनुपर्दछ ।
- नियमन सम्बन्धमा व्यवस्थापकीय निगरानीलाई प्रभावकारी बनाउन संसदीय समितिले दिएका निर्देशनहरु सरकारले कार्यान्वयन गर्नुपर्दछ ।
- सरकारी नियमनकारी निकायहरुको अनुसन्धान गर्ने क्षमता अभिवृद्धि गरिनुपर्दछ । वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ।

१९.१५ **अन्तिम लेखापरीक्षणः** लेखापरीक्षणको प्रभाव अभिवृद्धि गर्दै सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्न अन्तिम लेखापरीक्षणमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

- लेखापरीक्षणको प्रभावकारिता बढाई कार्य वातावरणमा सुधार ल्याउन आवश्यक पर्ने न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्दछ ।
- सूचना प्रविधिको उच्चतम प्रयोग गरी कार्यस्थलमै जानु पर्ने अवस्थामा सुधार गर्दै दूर लेखापरीक्षण (रिमोट अडिट) कार्यान्वयन गर्नुपर्ने अवस्था छ । सूचना प्रविधि प्रयोगबाट लेखापरीक्षण गर्ने विधि अवलम्बन गरी लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ।
- सामयिक लेखापरीक्षण, विधि विज्ञान लेखापरीक्षण, आपतकालीन अवस्था तथा विपद् व्यवस्थापन तयारी, उद्धार तथा प्रतिकार्य र प्रतिलाभ, वातावरणीय, दिगो विकासलगायत अन्य समसामयिक र नवविकसित घटनाहरुको विशेष लेखापरीक्षण गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । जोखिममा आधारित लेखापरीक्षणको अवधारणाको प्रभावकारी कार्यान्वयन गर्ने, कार्यमूलक लेखापरीक्षणको दायरा विस्तार गर्ने र परिपालना बेग्लै लेखापरीक्षण गरी प्रतिबेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।
- महालेखापरीक्षकको कार्यालयबाट गरिने कार्यमूलक तथा विशेष लेखापरीक्षण तथा अन्य कार्यमा नागरिक समाज र सरोकारवालाको संलग्नतालाई लेखापरीक्षणको सबै प्रक्रियामा अभ्यास गर्दै लेखापरीक्षणको प्रभाव बढाउनुपर्दछ । नागरिक तथा नागरिक समाजका संस्थाबीच सूचना आदान प्रदान गर्न मोबाइल एप्लिकेसन डिजाइन गरी प्रयोगमा ल्याउनुपर्दछ ।
- लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरुको संलग्नता बढाउने तथा निर्माण कार्यको गुणस्तर जाँच गर्न कार्यालयको आफ्नै ल्याबको व्यवस्था गर्नेतर्फ विचार गर्नुपर्दछ ।

- लेखापरीक्षणको गुणस्तर लेखापरीक्षणमा संलग्न हुने कर्मचारीको पेसागत ज्ञान, सीप र अनुभवमा भर पर्ने भएकोले कर्मचारी क्षमता विकास कार्यलाई उच्च महत्व दिँदै आवश्यक स्रोत साधनको व्यवस्था गर्नुपर्ने देखिन्छ । यसका लागि लेखापरीक्षण उत्कृष्टता केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।
- विद्यमान संघीय संरचनाअनुरुप प्रदेश तहसम्म कार्यालयको भौगोलिक उपस्थितिको लागि कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्नुपर्ने देखिन्छ ।
- लेखापरीक्षणसम्बन्धी मूल कानुनको रुपमा रहेको लेखापरीक्षण ऐन, २०७५ को दफा ३, लेखापरीक्षण भित्र "सम्परीक्षण" कार्य समेत रहेको र लेखापरीक्षणको अभिन्न अंगको रुपमा रहेकोले सम्परीक्षण सम्वन्धी कार्यलाई व्यवस्थित, तथ्यपरक तथा मर्यादित बनाउन लेखापरीक्षण नियमावली बनाई सम्परीक्षण कार्यलाई व्यवस्थित बनाउनु जरुरी छ ।
- वित्तीय विवरण तथा लेखा समयमा उपलब्ध नगराउने, लेखासँग सम्बन्धित कागजात पेस नगर्ने, तत्सम्बन्धी सूचना उपलब्ध नगराउने, तोकिएको ढाँचामा लेखा नराख्ने र लेखापरीक्षण नगराउनेलाई लेखापरीक्षण ऐनबमोजिम कारबाही गर्ने व्यवस्थाको परिपालना हुनुपर्दछ ।

१९.१६ **लेखापरीक्षणको स्वतन्त्रता एवं सरोकारवासँगको सम्बन्धः** अन्तिम लेखापरीक्षण गर्ने संस्थाको स्वतन्त्रता र सो निकायको अन्य सरोकारवाला निकायसंगको सम्बन्ध सम्बन्धमा देहायको सुधार गर्नु आवश्यक छः

- सार्वजनिक प्रशासनमा दक्षता, उतरदायित्व, प्रभावकारिता र पारदर्शिता प्रवर्द्धनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनको लिमा तथा मेक्सिको घोषणा र विभिन्न समयमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेका प्रस्तावहरुले सम्बोधन गरेबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थालाई वित्तीय एवं प्रशासनिक र कार्यात्मक स्वतन्त्रता कायम गर्न आवश्यक स्रोत साधन उपलब्ध हुने अवस्था सिर्जना गर्नुपर्दछ ।
